# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

पृथ्वीमा मानवको उत्पत्ति पश्चात शिक्षाले गति लिदैजाँदा सु-संस्कृत समाजको स्थापना हुँदै आयो । मानव जातिको विकासक्रमको इतिहासलाई केलाउँदा परापूर्व कालदेखि मानिसहरूले आफूले जानेको ज्ञान, सीप, व्यवहार तथा सामाजिक मूल्य र मान्यतालाई आफ्ना सन्ततिहरूमा हस्तान्तरण गर्दै आएको पाइन्छ । समाज, जीवन र जनतालाई हेर्ने र बुझ्ने व्यवहारिक ज्ञान घर परिवारबाट बच्चाहरूले प्राप्त गर्छन । बालबालिकाहरूको पहिलो पाठशाला घर र पहिलो शिक्षिका आफ्नी आमा भएकोले अनौपचारिक शिक्षा घरबाट प्रारम्भ हुँदै औपचारिक शिक्षा प्राप्त गर्न विद्यालय शिक्षा प्रारम्भ हुन्छ । समय, सान्दर्भिक, ज्ञान, सीप, दक्षता प्रदान गर्ने क्रममा अठारौं शताब्दीमा विद्यालय शिक्षा प्रारम्भ भै २१ औं शताब्दीमा आइपुग्दा शिक्षाले ज्यादै छिटो फड्को मारेको पाइन्छ ।

वर्तमान समयमा विज्ञान, प्रविधि र सूचनाको विकासले ल्याएको प्रभावबाट समाजमा पारेको असर तथा ज्ञान विज्ञानको चमत्कार र विश्वव्यापीकरणले प्रत्यक्ष जीवन र जगतलाई प्रभाव पारेकोले समाजमा शिक्षा प्रदान गर्ने औपचारिक संस्थाको रूपमा विद्यालयहरू स्थापित भई सेवा पुऱ्याएको छ । शिक्षा प्राप्त गर्नु वा ज्ञान आर्जन गर्नुलाई विभिन्न युगमा विभिन्न रूपबाट लिएको पाइन्छ । ढुङ्गे युगमा खाना प्राप्त गर्ने, गुरुकुलमा गुरुको सेवा गर्ने र मोक्ष प्राप्ति गर्ने र मध्य युगमा धार्मिक आस्थामा आधारित शिक्षा थियो ।

यसरी विभिन्न युगमा विभिन्न माध्यमबाट विकसित हुँदै आजसम्म आइपुग्दा शिक्षा क्षेत्रमा ठूला ठूला परिवर्तन हुँदै वैज्ञानिक र यान्त्रिक माध्यमबाट सरल र सहज ढङ्गबाट शिक्षा दिन सकिने अवस्थामा आइपुगेको छ । व्यक्ति, समाज, समुदाय, राष्ट्र र अन्तराष्ट्रिय क्षेत्रको विकासको रूपमा शिक्षाले सहयोग पुऱ्याएको छ । विद्यालयले समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक, राजनैतिक, मानव अधिकार र सामाजिक मूल्य मान्यता जस्ता पक्षको विकास गर्दै व्यक्तिको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराँउदै समाजको समेत विकास गर्दछ ।

बाल अधिकारको इतिहास त्यति पुरानो छैन । सर्वप्रथम यो अवधारणा बेलायती फोटो पत्रकार एग्लेन्टाइन जेभले अगाडि ल्याएकी हुन । खासगरी प्रथम विश्वयुद्व (सन १९१४-१९१९) मा कलिला बालबालिकाका धेरै अभिभावकहरू युद्धमा परि मृत्यु भएपछि ती केटाकेटीहरूको बिचल्ली भएको देखेर तिनीहरूको हितका लागि बालअधिकार सम्वन्धी अवधारणाको विकास हुन सुरु भयो ।

प्राथमिक शिक्षाको सुरूवात गर्नु अगावै बालबालिकाहरूको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्ष लगायत सर्वाङ्गीण विकास गरी प्राथमिक शिक्षाको पूर्व तयारी गर्न प्रारम्भिक बालविकास शिक्षा वा पूर्वप्राथमिक शिक्षा दिइने परिपाटी हाल विद्यमान छ । शिशु स्याहार, शिशु शिक्षा, बालशिक्षा, बालविकास नर्सरी, किन्डर गार्टेन, पूर्वप्राथमिक शिक्षा आदि विभिन्न नामबाट यस किसिमको शिक्षा प्रचलित छ ।

चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्ष पूर्वप्राथमिक शिक्षा दिने विद्यालयलाई पूर्वप्राथमिक विद्यालय र चार वर्ष पुरा नभएका बालबालिकालाई शारीरिक, मानसिक वा बौद्धिक शिक्षा दिनका लागि गा.वि.स. वा नगरपालिकाको स्वीकृत लिएर खोलिएको केन्द्रलाई शिशु विकास केन्द्र भनी परिभाषित गरेको छ (शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९) ।

प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी निर्देशिका, २०६१ को दफा २ ले पनि उपर्युक्त परिभाषाहरूलाई नै स्वीकार्दै बालबालिकाहरूको सर्वाङ्गीण विकासको कार्य गर्ने ४ वर्ष मुनिका बालबालिकाहरूको मात्र सेवा पुऱ्याउने वा ४ वर्षमुनिका बालबालिकाको साथै ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकालाई समेत सेवा पुऱ्याउने शिशु विकास केन्द्र र पूर्व प्राथमिक कक्षा सहितको समुदायमा आधारित भई सञ्चालित संस्थाको एकीकृत संरचनालाई केन्द्र (बालविकास केन्द्र) भनी परिभाषा दिएको छ । त्यस्तै सोही निर्देशिकाको दफा ३ अनुसार विद्यालयमा आधारित भई बालबालिकाको सर्वाङ्गीण विकासको कार्य गर्ने उद्देश्यले सञ्चालित ४ वर्ष उमेर समूहका बालबालिकाहरूलाई पूर्व प्राथमिक शिक्षा दिने विद्यालय वा शिशु विकास उमेरसम्मका बालबालिकाहरूलाई समेत शिक्षा विकासमा सेवा पुऱ्याउने एकीकृत संरचनालाई पूर्व प्राथमिक विद्यालय मानिएको छ भनी उल्लेख गरिएको छ (प्रारम्भिक बालविकास कार्यक्रम निर्देशिका,२०६१) ।

आधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्व प्राथमिक शिक्षाको औपचारिक रूपमा थालनी सरकारी स्तरबाट वि.सं.२००७ सालमा काठमाडौंको मन्टेश्वरी स्कूलको स्थापनाबाट भएको पाइन्छ । नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११) ले पूर्व प्राथमिक शिक्षा विकास सम्बन्धमा सिफारिस गरेको थियो । वि.सं.२०२२ सालदेखि बालमन्दिरहरूको माध्यमबाट शिशु शिक्षा दिन खोलेको देखिन्छ भने २०२५ सालमा शिशु कक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गर्न थालिएको पाइन्छ । सातौं पञ्चवर्षीय योजना (२०४२-२०४७) ले सर्वप्रथम ६ वर्ष पूर्वको बालकको विकाससम्बन्धी कार्यक्रमहरू समाविष्ट गरेको थियो (रा.शि.आ.को प्रतिवेदन, २०४९) ।

बालबालिकाहरूको बाल्यावस्थामा भएको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकाससम्बन्धी क्रियाकलापहरूले नै उनीहरूको भावी जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । त्यस्तै प्रारम्भिक बालविकास शिक्षा वा पूर्वप्राथमिक शिक्षा प्राप्त गरेर कक्षा एकमा भर्ना भएका बालबालिकाहरू नै प्राथमिक विद्यालयमा समायोजित हुने र प्राथमिक शिक्षा प्रभावकारी ढंगले ग्रहण गर्न सक्षम हुन्छन् भन्ने कुरा अनुसन्धानहरूबाट प्रमाणित भएको छ (उ.रा.शि.आ.को प्रतिवेदन, २०५५) ।

प्रारम्भिक बालविकास शिक्षाको महत्वलाई दृष्टिगत गरी अन्तर्राष्ट्रिय रूपमा पनि कार्यक्रमहरू तय भएका छन् । सन् १९९० मा थाइल्याण्डको जोम्टिन र सन् २००० मा सेनेगलको डकारमा भएका "सबैका लागि शिक्षा" सम्बन्धी विश्व सम्मेलनले शिक्षाका अन्य पक्षहरूमा साथसाथै प्रारम्भिक बाल्यावस्था स्याहार तथा शिक्षा विस्तार र सुधार गर्ने लक्ष्य राखेका छन् । सो लक्ष्य प्राप्त गर्नका लागि सन् २००१ मा नेपाल सरकारले "सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) तयार गरिसकेको छ । जसअनुसार सरकारले सन् २०१५ सम्ममा ३ देखि ५ वर्ष उमेरका बालबालिकाहरू मध्ये ८० प्रतिशत बालबालिकाहरूलाई सेवा पुऱ्याउन जम्मा ७४००० बालविकास केन्द्रहरूको स्थापना गर्ने लक्ष्य राखेको छ (EFA National Plan at Action, 2001) । नेपाल सरकारले देशभरिमा २९,२७३ ओटा स्कुलमा बालविकास केन्द्र सञ्चालन गरेको छ (शिक्षा विभाग, २०६७) । धनकुटा जिल्लामा जम्मा बालविकास केन्द्र ३१० ओटा रहेकामा ६५ ओटा बालविकास केन्द्र समुदायमा सञ्चालन भैरहेको अवस्था छ ।

नेपालको प्राथमिक तहको शिक्षामा प्रारम्भिक बालविकास सम्वन्धी कार्यक्रमहरूले उल्लेखीय भूमिका खेलेको तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन् । प्रारम्भिक बालविकास शिक्षाको अवसर नपाई कक्षा १ मा अध्ययन गरेका बालबालिकाहरूको तुलनामा त्यस्तो अवसर पाई कक्षा १ मा अध्ययन गरेका बालबालिकाहरूको कार्यदक्षता र कक्षोन्नति दर उच्च रहेको तथा बीचैमा कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर न्यून रहेको पाइएको छ । प्रारम्भिक बालविकास शिक्षाको अनुभव विना कक्षा १ मा अध्ययन गर्ने बालबालिकाहरूको कक्षोन्नोति दर ४२ प्रतिशत बीचैमा कक्षा छोड्ने दर २२ प्रतिशत र कक्षा दोहोऱ्याउने दर ३७ प्रतिशत भए सो शिक्षाको अनुभवसहित कक्षा १ मा अध्ययन गर्ने बालबालिकाहरूको उपयुक्त दरहरू क्रमशः ८३ प्रतिशत, ११ प्रतिशत र ६ प्रतिशत देखिन्छ (प्रारम्भिक बालविकास सम्बन्धी रणनीति पत्र, २०६१) ।

नेपालको अन्तरिम संविधान, २०६३ ले बालबालिकाको पहिचान सहित पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हकको व्यवस्था गरेको छ । प्रत्येक

बालबालिकाहरूलाई शारीरिक, मानसिक र शोषण विरुद्धको हक हुनु, मातृभाषामा आधारभूत तहसम्म शिक्षा पाउनु, विशेष आवश्यकता भएका बालबालिकालाई राज्यबाट विशेष सुविधा र कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन नपाउने व्यवस्था गरेको छ ।

सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) मा उल्लेखित प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लक्ष्यहरूले नै विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको कार्यान्वयनका लागि आधार प्रदान गरेका छन् । हाल समुदायमा आधारित तथा विद्यालयमा आधारित गरी मुलुकभर २९,२७३ बालविकास केन्द्र सञ्चालित छन् । यसका अतिरिक्त नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकास, पूर्वप्राथमिक शिक्षाको विस्तार र सेवा प्रवाह गर्न संस्थागत विद्यालयहरूको योगदान उल्लेखनीय रहेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले पूर्वप्राथमिक शिक्षाको व्यवस्था गर्न केन्द्रदेखि जिल्ला तहसम्म समिति गठन गर्ने व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्न, समन्वय गर्न तथा निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था गरिएको छ । यसरी सञ्चालित पूर्वप्राथमिक शिक्षाले आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकास गर्ने र बालविकास सेवामा पहुँच बढाउने जस्ता उद्देश्यहरू किटान गरेको छ (विद्यालय क्षेत्र सुधार कार्यक्रम, २०६४) ।

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ पारित भई कार्यान्वयन भैरहेको छ । सबै विद्यालयमा कार्यान्वयन हुन लागि रहेको बालमैत्री विद्यालयले सर्वप्रथम पूर्वप्राथमिक कक्षा वा बालविकास केन्द्रलाई बालमैत्री बनाउँदै विद्यार्थीहरूको पहुँच र शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्दै सिकाइ प्रक्रियामा सुधार भएको अवस्था छ (बालमैत्री राष्ट्रिय प्रारूप, २०६७) ।

जिल्ला शिक्षा कार्यालय धनकुटाले विगत वर्षहरूदेखि नै बालमैत्री विद्यालय सम्बन्धी तालिम स्रोतव्यक्ति, प्र.अ.र शिक्षकहरूलाई संचालन गर्दै आइरहेको छ । समुदायद्वारा व्यवस्थापन जिम्मा लिएका २४० वटा विद्यालयहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम मार्फत अनुदान प्रदान गरी प्रत्येक विद्यालयको सबैभन्दा सानो कक्षा बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन र शैक्षिक सामग्री निर्माण तथा भित्तालेखन गर्न लगाई शिक्षण प्रक्रियामा सुधार गरेको अवस्था छ । त्यसैगरी प्रत्येक वर्ष बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूलाई शिक्षण विधि तथा व्यवस्थापन सम्बन्धमा पुर्नताजगी तालिम संचालन गर्दै आएको छ । आ.व.२०६८/०६९ मा अर्लिचाइल्डहुड एजुकेसन सेन्टर प्रा.लि.(इसीइसी) ले धनकुटा जिल्लाका विभिन्न आठओटा क्षेत्रहरू, राजारानी, भेडेटार, सिंधुवा, मार्गा, जितपुर, पाखीवास, त्रिवेणी र जि.शि.का.मा ६/६ दिनको दरले ३ चरणमा सहयोगी

कार्यकर्ताहरूको तालिम संचालन गरी बालकेन्द्रित शिक्षण सिकाइ प्रक्रिया र शैक्षिक सामग्री निर्माण प्रयोग गर्ने सीप सिकाउनुका साथै १/१ जेब्रा उपयोगी सामग्री समेत वितरण गरेको छ । त्यसैगरी आ.व.२०६८/०६९ मा शिक्षा मन्त्रालयबाट सबै बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको ६ दिने प्रारम्भिक बालविकास पाठ्यक्रम कार्यान्वयन र शिक्षण सिकाइ प्रक्रिया सम्बन्धी तालिम प्रदान गरिसकेको छ (जि.शि.का.धनकुटा, २०६९) ।

शिक्षा विभागबाट तयार गरिएको प्रारम्भिक बालविकास पाठ्यक्रम २०६२ चैत्र १० मा शिक्षा तथा खेलकुद मन्त्रालयबाट स्वीकृत भई आइसकेपछि सहयोगी कार्यकर्ताहरूलाई शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न र योजना अनुसार शिक्षण गर्न मद्दत पुऱ्याएको छ । शिक्षा ऐन र नियमावलीले ३ र ४ वर्ष उमेर समूहका बालबालिकाका लागि १ वर्षे पूर्वप्राथमिक कक्षालाई मान्यता दिएको छ । बालबालिकाको अन्तर्निहित क्षमतालाई पहिल्याएर उपयुक्त दिशातिर प्रवाहित गरी उनीहरूलाई आफ्नो स्वास्थ्य तथा सुरक्षासँग सम्बन्धित तथा अन्य जीवनोपयोगी एवम् स्वाबलम्बी सीपहरू हासिल गराउन यस पाठ्यक्रमको जोड रहेको छ । त्यसैगरी बालबालिकाहरूको बौद्धिक, शारीरिक, संवेगात्मक र सामाजिक विकास, सरसफाइ तथा सुरक्षा सम्बन्धी बानी सामान्य शिष्टाचार र प्राथमिक शिक्षाका लागि तयार पार्ने जस्ता उद्देश्य राखी शिक्षण प्रक्रिया संचालन गरेको पाइन्छ (प्रारम्भिक बालविकास निर्देशिका, शिक्षा विभाग, २०६२) ।

बालविकास केन्द्रमा अध्ययन गर्न आउने बालबालिकाहरू बढी चकचके, धेरै प्रश्न सोध्ने, जिज्ञासा राख्ने, आफ्नो मनको भाव नक्कलद्वारा पोख्न खोज्ने, साथीसँग खेल्न रुचाउने, पालो नपर्खने, हल्ला गर्ने र नयाँ काम कुरा सिक्न चाहने स्वभावका हुन्छन् । बालबालिकाहरू नाच्न, गाउन, पढ्ने, एक आपसमा सहयोग गर्ने, बाँड्ने र पूर्व साक्षरता सीपको अभ्यास गर्ने अवसरहरू चाहिन्छन् । उनीहरूले हेरेर, सुनेर, अनुभव गरेर, छोएर, अन्तरक्रिया गरेर मात्र कुनै पनि काम, कुराका बारेमा सिक्ने गर्छन । बालविकास केन्द्रमा यी उमेरका बालबालिकाहरूको सिकाइ क्षमता र आवश्यकता पूरा हुन सक्ने गरी हेरेर, सुनेर, अनुभव गरेर, सोधेर तथा जिज्ञासा पूरा हुने सिकाइ विधि प्रयोग गर्नु पर्दछ ।

बालबालिकाको उमेर, उनीहरूको व्यवहार र स्वभाव सुहाउँदो, रमाइलो, डर, त्रास, भयरहित, सक्रिय सहभागिता भई सिक्ने, सबैले समान अवसरमा सिक्न पाउने सिकाइ विधिलाई बालकेन्द्रित सिकाइ विधि भनिन्छ । बालविकासको सिद्धान्त अनुसार बालविकास एउटा क्रमिक, क्रमबद्ध, निरन्तर चलिरहने प्रक्रिया हो । यिनै बालविकास सिकाइ सिद्धान्तलाई ध्यानमा राखी

विषयवस्तुमा आधारित सिकाइ पद्धति विकास भएको हो । प्रारम्भिक बालविकास कार्यक्रमको विधि धेरै मुलुकले अपनाएको पाइन्छ । नेपालमा शिक्षा विभागले विषयवस्तुमा आधारित सिकाइ विधिलाई प्रारम्भिक बालविकासको पाठ्यक्रममा समावेश गरेको छ । बालविकास केन्द्रहरूमा औपचारिक रूपमा विषयगत शिक्षण नगरी एउटै विषयबाट विभिन्न विषयको अवधारणा विकास गरिएको छ ।

बालविकास केन्द्रहरूमा विज्ञान, गणित भाषा जस्ता छुट्टाछुट्टै कक्षा संचालन गरिदैन । बालबालिकाहरू र वरिपरिका वातावरण तथा परिवेशमा भएको भोगेका कुनै एउटै वस्तुलाई शिक्षण विषयको रूपमा लिइन्छ । यसरी छनौट गरेको विषयबाट अनौपचारिक ढंगबाट चौतर्फी विकासका सबै क्रियाकलापहरू एकीकृत गरी ज्ञान, अवधारणा र सीपको विकास गर्ने सिकाइ पद्धतिलाई विषय केन्द्रित सिकाइ पद्धति भनिन्छ । कुनै एक विषयवस्तुलाई केन्द्रित गरी त्यसको माध्यमबाट बालबालिकाहरूमा सुक्ष्म अङ्ग र स्थुल अङ्गको विकास, भाषा विकास, सामाजिक विकास, भावनात्मक विकास सम्बन्धी विभिन्न क्रियाकलापहरू गरिन्छ । यसरी संचालन गर्ने क्रियाकलापहरूमा कथा सुनाउने, गीत सुनाउने, गीत गाउन लगाउने, नाच्न लगाउने, छलफल गराउने, अवलोकन भ्रमण गराउने, खेल खेलाउने, चित्र बनाउन लगाउने आदि पर्दछन् ।

बालविकास केन्द्रमा प्रयोग हुने पाठ्यक्रम अन्तर्गत बालबालिकाहरूलाई सहयोगी कार्यकर्ताहरूले शिक्षण गर्दा सम्भव भएसम्म कक्षाकोठाभित्र नै विषयगत शिक्षण क्षेत्रहरू बनाइन्छ । कक्षाकोठाभित्र शारीरिक विकासका निम्ति सूक्ष्म अङ्ग संचालनमा सहयोग हुने सामग्रीहरू जस्तै : उन्ने, बुन्ने, मिलाउने,  छुट्याउने, जोडा मिलाउने, टाँस्ने, गाँस्ने जस्ता आदि खेल र खेलौना प्रदर्शन गरिन्छ । बौद्धिक विकासको कुनामा गर्ने, खन्याउने, नाच्ने, तौलने जस्ता पूर्व गणित सम्बन्धी खेल खेल्न प्रयोग गरिने सामग्री राखिनेछ । त्यसैगरी भाषा विकासको क्षेत्रमा कथा, गीत, नाटकका सामग्री राखिन्छ । सामाजिक तथा भावनात्मक विकासको कुनामा संगीत, गीत, रङ लगाउने, नक्कल गरी खेल्ने पुतली, कथा भन्ने, चित्र बनाउने जस्ता सामग्रीहरू राखिन्छ । बालविकास केन्द्रमा सिकाइका क्षेत्रहरू धेरै किसिमका बनाउनुपर्ने हुन्छ । यस्ता सिकाइका क्षेत्रहरूमा सिर्जनात्मक क्षेत्र, भाषाक्षेत्र, विज्ञान क्षेत्र, खाजा क्षेत्र र व्यवहारिक क्षेत्र गरी जम्मा १० वटा क्षेत्रहरू रहेका छन् ।

बालविकास केन्द्र संचालन गर्न एउटा दैनिक कार्यतालिका निर्माण गरी प्रदर्शन गर्नु पर्दछ । दैनिक कार्य तालिका बनाउँदा कुनै एक विषयवस्तुमा केन्द्रित भई निर्माण गर्ने र सिकाउँदा सम्भव भएसम्म वास्तविक ठोसवस्तु नै प्रयोग गरी सिकाउनु पर्छ । यदि ठोसवस्तु नपाएमा त्यसको चित्र

प्रयोग गर्नु पर्दछ । बालबालिकाहरूलाई सिकाउँदा विषयवस्तु र योजना अनुसार गीत, कथा, नाच, हाउभाउ र खेलको माध्यमबाट आकर्षक र रमाइलो ढंगबाट सिकाउने गर्नुपर्छ । बालबालिकाहरूलाई जीवनयापनको लागि आवश्यक पर्ने, नभई नहुने आधारशिलाहरू निर्माण गर्ने सीपहरू जस्तै सरसफाइ, ठीक ठीक ठाउँमा राख्ने, ठीक ठीक समयमा काम गर्ने, पालो पर्खने, अनुशासन जस्ता व्यवहारहरू आदिमा जोड दिनुपर्छ । विषयवस्तुलाई केन्द्रित गरी रोचक, रमाइलो र बालमैत्री वातावरणमा सिकाउनु पर्दछ ।

नेपालमा बालविकास केन्द्रहरू दुई किसिमबाट संचालन गरिएको छ । समुदायमा आधारित बालविकास केन्द्र र विद्यालयमा आधारित बालविकास केन्द्र संचालनमा आएता पनि विद्यालयमा आधारित बालविकास केन्द्र भौतिक र शैक्षिक रूपमा धेरै अगाडि रहेको अवस्था छ । बालविकास केन्द्रको कक्षाकोठा फराकिलो, उज्यालो र कार्पेटिङ्ग गरिएको हुनुपर्छ । कक्षाकोठा १-१.५ फुटका होचा खाटहरू जोडेर वर्गाकार बनाई माथिबाट कार्पेटिङ्ग गरिएमा उत्तम हुन्छ । कक्षाकोठा भित्र जुत्ता चप्पल राख्ने र्‍याक, झोला राख्ने र्‍याक, खानेपानीको फिल्टर, फोहर राख्ने डस्बिन साथै अन्य उपयोगी सामग्रीले भरिपूर्ण भएको कोठा हुनुपर्छ । त्यसैगरी वरिपरि भित्ता भरी शैक्षिक सामग्री प्रदर्शन गर्नु पर्दछ । साथै स्थानीय स्तरमा उपलव्ध हुने शैक्षिक सामग्री प्रशस्त बनाइ प्रयोगमा ल्याउने व्यवस्था मिलाएको हुनुपर्छ ।

बालविकास केन्द्रमा पढ्ने बालबालिका ३-५ बर्ष उमेर समूहका हुने गर्दछन् । यो उमेर सिकाइको जग बसाल्ने महत्वपूर्ण उमेर हो । बच्चाहरूको जन्मेदेखि पाँच वर्षसम्म सिक्ने क्षमताको विकास तीव्र गतिमा भइरहेको हुन्छ । यसै उमेरमा जीवनभरमा सिकिने सिकाइको ८०% सिकाइ क्षमताको विकास पुरा भएको हुन्छ । बालमनोवैज्ञानिकहरूले प्रारम्भिक बाल्यवस्थामा उनीहरूको दिमाग एउटा स्पञ्ज जस्तो हुन्छ भन्ने गर्दछ । यस अवस्थामा चेतना शक्ति र भाषा सिक्ने क्षमता पनि तीव्र गतिमा विकास भइरहेको हुन्छ । प्रारम्भिक बाल्यअवस्थामा उचित सिकाइको अवसर पाएका बालबालिकाहरूले अवसर नपाएका बालबालिकाको दाँजोमा भविष्यमा बढी सफलता हाँसिल गरेका तथ्यहरू धेरै अध्ययन अनुसन्धानले देखाएका छन् । त्यसैगरी जन्मदेखि पाँच वर्षसम्ममा ९०% प्रतिशत मस्तिष्कको विकास पुरा भइसकेको हुन्छ भन्ने तथ्य मस्तिष्क विकास सम्वन्धी वैज्ञानिक अनुसन्धानबाट प्रमाणित भइसकेको छ ।

यसले गर्दा बालविकास केन्द्रमा पाठ्यक्रमको कार्यान्वयन गर्दा बडो होसियारीपूर्वक साना साना बालबच्चाहरूको मनोविज्ञान राम्रो बुझेर शिक्षण गरेमा धेरै छिटोसँग नयाँ कुराहरू सिक्न सक्छन् । यस्ता साना बच्चाहरूलाई शिक्षण गर्ने सहयोगी कार्यकताहरूले बालबालिकाकाहरूलाई

रमाइलो र मायालु वातावरण दिदै सिकाउनु पर्दछ । बच्चाहरूले वाल्यावस्थामा पाएको मायाले उसको सिक्न सक्ने क्षमतालाई पनि असर पार्छ । उचित संवेगाात्मक परिपक्कता पछि मात्र बालबालिकाहरू राम्रोसँग सिक्न सक्छन् । माया र सिकाइबीच गहिरो सम्वन्ध हुन्छ । त्यसैले सहयोगी कार्यकर्ताहरूले शिक्षणको क्रममा प्रेमका ५ तरिकाहरू शारीरिक स्पर्श, प्रशंसाका शब्दहरू, असल समयसँगै विताएर, उपहारहरू र सेवा दिएर बच्चाहरूलाई मायालु ढङ्गबाट सिकाउने तरिका कहिल्यै विर्सनु हुँदैन (बालविकास केन्द्रका सहयोगी कार्यकर्ताका लागि तयार पारिएको पुर्नताजगी तालिम पुस्तिका, २०६७) ।

बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन वजारमा निर्मित र स्थानीय परिवेशमा विना मूल्य प्राप्त गर्न सकिने सामग्री सङ्कलन गरी प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ । साना बच्चाको उमेर ख्याल गरी शौचालय निर्माण गर्नुका साथै शौचालयमा पानी र साबुनको व्यवस्था गर्नु पर्दछ । शिक्षिकाले समय समयमा अभिभावक भेला, अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यार्थी प्रगति विवरण र विद्यालयका गतिविधिवारे सरोकारवाला माझ राख्ने गर्नु पर्छ । शिक्षिकाले विभिन्न जातजातिबाट आएका बच्चाहरूलाई समान व्यवहार गरी सामाजिक विविधता कायम राख्दै कक्षाकोठामा सवै भाषा, धर्म संस्कार र संस्कृतिको सम्मान गर्नुपर्छ । बालबच्चाहरू शिक्षिका र साथीसँग लाज, धक, डर, त्रास नमानिकन निर्धक्कसँग प्रश्न गर्न सक्ने वातावरण निर्माण भएको हुनुपर्छ । शिक्षिकाले बच्चाले सोधेको प्रश्नको झर्को नमानिकन उत्तर दिदै उनीहरूको विचारलाई सम्मान गर्नुपर्छ । शिक्षणको क्रममा बालबालिकाहरूलाई साना साना समूहमा र व्यक्तिगत रूपमा क्रियाकलाप गर्न लगाउँदै पृष्ठपोषण दिनुपर्छ ।

बालविकास केन्द्रका साना विद्यार्थीहरूलाई शिक्षण गर्ने पाठ्यक्रम निर्माण भै विद्यालयमा पुगिसकेको छ । यस पाठ्यक्रमभित्र एक वर्षमा ७ वटा शीर्षक र २५ वटा उपशीर्षकभित्र रहेर सिकाइ क्षेत्र र क्रियाकलाप के के गर्ने भनेर किटान गरिदिएकोले शिक्षिकाहरूलाई दैनिक योजना निर्माण गर्न र शिक्षण गर्न सरल र सहज भएको छ । यही पाठ्यक्रमलाई आधार मानी साना बच्चाहरूलाई दिनको ४ घण्टा शिक्षण गर्ने जिम्मेवारी तोकिएको छ । शिक्षण गर्दा हरेक क्रियाकलापहरू ५ देखि ७ मिनेटसम्मका छोटा छोटा क्रियाकलापहरू गर्नु पर्दछ । शिक्षण गर्दा छोटो समयमा गीत गाउन, अभिनय गर्न, अर्न्तक्रिया गर्न सिकाउनु पर्छ । त्यसैगरी विषयवस्तुमा आधारित भई शिक्षण गर्दा कथाबाचन, खेल, शारीरिक क्रियाकलाप, चित्र तथा सामग्री निर्माण जस्ता

क्रियाकलाप शीर्षक र उपशीर्षकभित्र रहेर गराउने प्रयास गर्न सकेमा बच्चाहरूको चौतर्फी विकास गराउन सकिन्छ । जसले गर्दा बच्चाहरूको शिक्षा लिने वा सिक्ने राम्रो जग वस्न सक्छ ।

यसरी प्रत्येक बालविकास केन्द्रमा पाठ्यक्रमको प्रयोग गर्दै शिक्षण गरेमा समुदायमा रहेका सम्पूर्ण बच्चाहरूको शिक्षामा पहुँच पुग्ने गर्दछ । समुदायबाट नियमित रूपमा बच्चाहरू बालविकास केन्द्रमा आई रमाइलो र मायालु वातावरणमा खेल्दै, गाउँदै, रमाउँदै सिक्न पाउँदा विद्यार्थीहरू नियमित आउने वानी वस्ने, विद्यालय छाड्ने प्रवृत्ति हट्ने, सिर्जनशीलता वढने, समूहको नेतृत्व गर्ने, सफा सुग्घर हुने, प्रतिभा प्रस्फुटन गराउन सकिने भएको छ । यसरी सिकाउँदा सिकाइलाई व्यवहारिक र दिगो वनाउँदछ । विद्यार्थी र शिक्षिकाबीच आमाको जस्तो सम्वन्ध वा सामीप्यता बढ्नुको साथै शिक्षिकाहरूलाई शिक्षण गर्न सजिलो पार्छ । यसरी बालमैत्रीपूर्ण वातावरणमा गरिने शिक्षण सिकाइले शिक्षाको गुणस्तर सुधार गर्ने सवैभन्दा पहिलो जगले अभिभावक र शिक्षिकाबीच समेत सुमधुर सम्वन्ध स्थापना गर्दछ ।

## १.२. समस्याको कथन

धनकुटा जिल्ला अर्न्तगत करीब ३१० ओटा बालविकास केन्द्र समुदाय र विद्यालयमा सञ्चालन भैरहेको अवस्था छ । यस बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरूको योग्यता कम्तीमा कक्षा ८ उर्त्तीण गरेका स्थानीय महिलाहरू भनिएकोमा हाल धेरै जसो सहयोगी कार्यकर्ताहरु एस.एल.सी. उतीर्ण रहेका छन् । यसरी नियुक्ति भएका सहयोगी कार्यकर्ताहरूले दिनको ४ घण्टा तोते वोल्ने बालबालिकालाई बालमैत्री वातावरणमा शिक्षा दिने काम गर्नु पर्दछ । यसरी धनकुटा जिल्ला वा मुलुकभरि रहेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूले पाउने पारिश्रमिक अत्यन्त न्यून रकममा काम गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ । अपवादको रूपमा केही ठाउँमा केही रकम विद्यालयले थपिदिए पनि ९९% ठाउँमा नेपाल सरकारले तोकिदिएको रु.३०००।- रकममा काम गर्नु पर्दछ ।

बालबालिकाहरूलाई योजनावद्ध ढङ्गबाट रमाइलो र मनोरञ्जनपूर्ण वातावरण सिर्जना गरी शिक्षण गर्नुपर्ने हुन्छ । तर नेपाल सरकारले सहयोगी कार्यकर्ताहरूलाई नियुक्ति भएको अवस्थामा १६ दिनको तालिम दिई पठाएको हुन्छ । त्यस पछि आ.व.२०६८/०६९ मा सवै स.का.हरूलाई छ दिनको पुनर्ताजगी तालिम दिएको थियो । तर तालिममा सिकेका सीपहरू कक्षाकोठाभित्र प्रयोग हुन सकेको छैन । शिक्षिकाहरूमा सिर्जनशीलता र नयाँ जोस र जाँगरका साथ योजनावद्ध प्रक्रियावाट

शिक्षण गरेको अवस्था पाइदैन । हाल धनकुटा जिल्लाका सवै बालविकास केन्द्रका स.का.हरूलाई इ.सी.इ.सी.द्वारा ३ चरणमा १८ दिने तालिम, प्र.अ. र अभिभावकहरूलाई ३ दिने सेमिनार सञ्चालन गरी सकेको सन्दर्भमा तालिममा सिकेका सीपहरू विद्यालयसम्म कति पुग्न सक्यो भनेर समस्या पहिचान गर्न यो अनुसन्धान गरिएको छ ।

यस धनकुटा जिल्लामा रहेका बालविकास केन्द्रहरू समुदायमा आधारित केन्द्रहरूको भौतिक अवस्था अत्यन्त कमजोरका साथै घरको पिढी वा सानो छाप्रोमा सञ्चालन भएको अवस्था छ त्यसैगरी विद्यालयमा सञ्चालन भैरहेका बालविकास केन्द्रहरू सवैभन्दा सानो र पुरानो भवनमा सञ्चालन भएको अवस्था देखिन्छ । यस्तो अवस्थामा शिक्षिकाहरूले तालिममा सिकेका नयाँ नयाँ शिक्षण सीपलाई कक्षाकोठासम्म के-कति पुऱ्याउन सकिरहेको अवस्था छ भनेर अनुसन्धान गरी पत्ता लगाउन खोजिएको हो । मनोरञ्जनपूर्ण र मायालु वातावरणमा बालबच्चाहरूलाई सिकाउनका लागि चाहिने आवश्यक शैक्षिक सामग्री सङ्कलन, निर्माण र खरिद गरी प्रयोगमा ल्याउन कठिन मेहनत गर्नु पर्दछ । शिक्षिकाहरूलाई तालिममा सिकाए अनुसार सहभागितामूलक बालकेन्द्रित शिक्षण विधि सामु परम्परागत शिक्षण सिकाइ क्रियाकलापको प्रभाव अझै दर्विलो देखिन्छ । ६नं. बुधबारे स्रोतकेन्द्र अर्न्तगत रहेका विद्यालयहरू एकल जातिय समुदायको सामाजिक अनुशासनमा बाँधिएको छ । त्यस्तो वातावरणमा सजाएका बालबालिकाले नियन्त्रित वातावरणमा रहने संस्कार लिएको हुन्छ ।

बालविकास केन्द्रमा बालमैत्री वातावरणमा विषयवस्तुमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न परम्परागत शैलीमा शिक्षण सिकाइ गर्ने शिक्षिकाहरूले मानसिकतामा परिवर्तन एक प्रमुख समस्या हो । बालकेन्द्रित शिक्षण विधि प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न मानसिक रूपमा तयार भए पनि कक्षाकोठा व्यवस्थापनको कारणले कार्य गर्न आवश्यक शैक्षिक तथा अन्य सामग्रीको व्यवस्थापन गर्न कठिन देखिन्छ । पारिवारिक वातावरणमा हुर्केका बालबालिकाहरूलाई सवैभन्दा पहिले विद्यालय प्रवेश गराई विद्यालयको वातावरणभित्र समायोजन गरी दिनको ४ घण्टासम्म टिकाइ राख्न र नियमित आउने वातावरण तयार गर्न निकै कठिन देखिन्छ । त्यसैगरी साना बच्चाहरूलाई नियमित रूपमा खाजा दिइ विद्यालय पठाउन अभिभावकहरूलाई सचेत गराउन समेत समस्या चुनौति देखिन्छ ।

यस अनुसन्धानबाट पाठ्यक्रमको कार्यान्वयनको अवस्था सम्बन्धमा बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा, कक्षाकोठा व्यवस्थापनमा र अन्य शैक्षिक सामग्री प्रयोग सहितको शिक्षणमा वर्तमान अवस्था पत्ता लगाउने प्रयास गरेको छ । ग्रामीण क्षेत्रमा रहेका बालविकास

केन्द्रमा शिक्षण सिकाइको समस्या, चुनौती र प्रभाव तथा शिक्षिका र अभिभावकको संलग्नता समेत अध्ययन गरिएको छ सो बारे चित्रण गर्न शोध अनुसन्धान गरियो । त्यसैले यस शोध अनुसन्धानको शीर्षक “बालविकास केन्द्रमा पाठ्यक्रम कार्यान्वयनको अवस्था” राखिएको छ ।

## १.३. अध्ययनको औचित्य

बालबालिकाहरूको बाल्यावस्था मानव जीवनको सवैभन्दा महत्वपूर्ण अवस्था हो । यस अवस्थालाई जीवनको सवैभन्दा तीव्र गतिमा शारीरिक वृद्धि र विकास हुने अवस्था हो । बाल मनोवैज्ञानिकहरूले बालविकासका शारीरिक, वौद्धिक, संवेगात्मक र सामाजिक गरी ४ ओटा पक्षको उचित विकास हुनु अति आवश्यक ठानेका छन् । कुनै पनि पक्ष कमजोर हुन गएमा उसको व्यक्तित्व पूर्णरूपले फस्टाउन सक्दैन । रोगी, कुपोषित, कमजोर भएमा त्यसको असर बालकको वौद्धिक, सामाजिक तथा संवेगात्मक विकासमा समेत पर्ने गर्दछ । त्यस्तै माया, स्याहार, खेल्ने, बोल्ने नगरेमा वौद्धिक पक्ष कमजोर मात्र नभई शारीरिक पक्ष पनि कमजोर हुन्छ । यस्तो किसिमको बच्चाले जीवनमा न त कुनै प्रगति गर्न सक्छ न समाजलाई नै कुनै ठूलो योगदान दिन सक्छ । यसरी बालविकास केन्द्रमा अध्ययन गर्न आउने बालबालिकाको चौतर्फी विकासका लागि शारीरिक, सामाजिक, संवेगात्मक र वौद्धिक विकास गर्न सकिने गरी क्रियाकलाप छनौट गरी मनोरञ्जनपूर्ण वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्दछ । त्यसैले विषय शीर्षक छनौट गरिएको छ ।

बच्चाको विकास उसले घरपरिवार, समाज र विद्यालयमा पाउने अवसर, उत्प्रेरणा र अनुभवमा निर्भर गर्छ । कुनै बच्चाको विकासको गति ढिलो हुन सक्छ । बालबालिकाको विकास उमेर अनुसार भएको छ या छैन भन्ने केवल विद्यालयमा शिक्षणको क्रममा बच्चाले गरेका क्रियाकलापहरूबाट मात्र थाहा पाउन सकिन्छ । बालविकास केन्द्रमा फरक फरक उमेरका बच्चाहरू अध्ययन गर्न आउने गर्छन । यस्ता फरक उमेरका बच्चाहरूलाई बहुउमेर सिकाइ विधिहरू प्रयोग गर्नुपर्ने हुन्छ । यस्ता विधिहरूमा सहयोगात्मक सिकाइ, समूह सिकाइ, अनुभव विनिमय र कथाकथन विधि प्रयोग गरी शिक्षण गर्नुपर्छ । त्यसका अलवा विषयवस्तुमा आधारित भई बालकेन्द्रित विधि मार्फत शिक्षण गर्न सकेमा मात्र सही रुपमा पाठ्यक्रमको कार्यान्वयन हुन जान्छ । बच्चाहरूको यस अध्ययनले शिक्षणमा सहभागिता वृद्वि गर्न, शैक्षिक योजना र नीति निर्माण गर्न, राष्ट्र, जिल्ला,

नगरपालिका, गा.वि.स.र विद्यालयका योजनाहरूको साथै शिक्षिका समेतलाई सहयोग पुऱ्याउन सल्लाह दिन सकेको छ छैन भनी हेर्नको लागि यो विषयमा अध्ययन गरिएको हो ।

बालविकास केन्द्रका कक्षामा पाठ्यक्रमको कार्यान्वयन तथा शिक्षण गर्न समर्पित एवम् जिम्मेवार शिक्षिकाहरू जसले बालमनोविज्ञान बुझेकाहरूले नवीनतम शैली र जोस जाँगरका साथ अध्ययन गरिरहेको अवस्था छ भने अर्कोतिर न्यूनतम शैक्षिक योग्यता र तालिम अप्राप्त शिक्षिकाहरू पुरानै शैली, कण्ठ गर्ने र घोकाउने पद्धतिमा निर्लिप्त लागेका छन् । बालमैत्री विद्यालयका निम्ति भौतिक पूर्वाधार, कक्षाकोठा व्यवस्थापन र पर्याप्त शैक्षिक सामग्रीको अभाव खड्किएको छ । वालविकास केन्द्रमा अध्यापन गर्ने शिक्षिकाहरूले तालिममा सिकेका सीपहरू बालमैत्री वातावरणमा प्रयोग गर्न सकेको पाइदैन । यस्ता बालविकास केन्द्रमा कक्षाका विद्यार्थीको उचाइ अनुसार बालमैत्री सामग्री निर्माण गर्ने सीप समेत नपुगेको छ । विद्यार्थीहरूको कक्षामा उपस्थित दर, वीचैमा विद्यालय आउन छाड्ने अवस्था, भर्ना दर र उपलब्धि समेत वृद्धि गर्ने नीति निर्माता योजनाकार, शिक्षक, प्र.अ., स्रोतव्यक्ति र वि.नि सवैलाई यो शोध अनुसन्धान एक मार्गदर्शक बन्नेछ ।

धनकुटा जिल्ला अर्न्तगतका विद्यालयहरूमा बालविकास कक्षामा पाठ्यक्रम कार्यान्वयन प्रक्रियाको अवस्थावारे अनुसन्धानकर्ता, सर्वसाधारण र शिक्षक शिक्षिकाहरूका लागि राम्रो स्वाध्ययन सामग्रीको रूपमा यो शोधपत्रलाई लिन सकिन्छ । विद्यालयमा कार्यरत शिक्षिका, अभिभावक र समितिका पदाधिकारीहरूको बालविकास कक्षाको शिक्षण सिकाइ प्रक्रियामा के कसरी सकारात्मक सोच ल्याउन सकिन्छ ? शिक्षिकाहरूको बालमैत्री शिक्षण सिकाइ प्रक्रिया प्रयोग गरी शिक्षण गर्न कसरी उत्प्रेरणा बढाउन सकिन्छ ? विद्यालय, प्र.अ., व्यवस्थापन समिति र शिक्षिकालाई योजना र बालविकास केन्द्रको व्यवस्थापनमा कसरी समर्पित गर्न सकिन्छ ? भन्ने जस्ता विषयमा शोध अनुसन्धान गरिएकोले यो अत्यन्त उपयोगी रहेको छ । यस अनुसन्धानले कक्षा शिक्षण प्रक्रियामा मनोरञ्जन, मायालु र बालमैत्री क्रियाकलाप गर्ने सीपहरू प्रदान गर्ने भएको हुँदा तमाम शिक्षक, प्र.अ. र विद्यालयलाई यो अनुसन्धान आवश्यक रहेको छ ।

## १.४. अध्ययनको उद्देश्यहरू

यस शोध अध्ययनका उद्देश्यहरू निम्न रहेका छन् :

1. प्रारम्भिक बालविकास निर्देशिकाको शिक्षण सिकाइ प्रक्रियाको अध्ययन गर्नु,
2. बालकक्षा शिक्षण सिकाइमा रहेका समस्याहरूको विश्लेषण गर्नु,

3. बालविकास कक्षा शिक्षण सिकाइ प्रक्रियामा रहेका समस्या समाधानका उपायहरूको खोजी गर्नु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरू

उल्लेखित उद्देश्यहरू पूरा गर्नका लागि निम्नानुसारको अनुसन्धानात्मक प्रश्नहरू राखिएका छन् :

1. बालविकास कक्षामा कक्षा शिक्षण कसरी भएको छ ?
2. बालविकास कक्षा शिक्षण सिकाइ सम्वन्धमा शिक्षिकाहरूको धारणा के-कस्तो छ ?
3. बालविकास कक्षाको कक्षा शिक्षण सिकाइ सम्वन्धमा देखिएका समस्याहरू के-के छन् ?

## १.६. अध्ययनको परिसीमा

यस अध्ययनलाई धनकुटा जिल्ला अर्न्तगत ६नं. बुधबारे स्रोतकेन्द्रमा रहेका दुईओटा गा.वि.स.हरू ६नं. बुधबारे र मुढेबास गा.विस.मा रहेका सामुदायिक विद्यालयमा सञ्चालन गरिएका ४ ओटा बालविकास केन्द्रलाई लिइएको छ । अध्ययनका लागि लिइएका ४ ओटा विद्यालय अर्न्तगत यो अध्ययन गरियो । सीमित स्रोत, साधन र समय सीमाभित्र रहेर अनुसन्धान कार्य सम्पन्न गर्नुपर्ने भएकाले वालविकास केन्द्रको कक्षा व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलाप वारेको जानकारी विद्यालय, स्रोतकेन्द्र र कक्षा शिक्षिकाबाट लिइयो । बालविकास केन्द्रको कक्षा शिक्षण सिकाइ क्रियाकलाप तालिममा सिके अनुसार अवलम्वन गर्दा विद्यार्थीको उपस्थिति, सहभागिता, सिकाइ उपलब्धि सम्वन्धमा पारेको प्रभाव अध्ययनमा केन्द्रित रहेको छ ।

## १.७. अध्ययनमा समावेश भएका शब्दहरूको परिभाषा

अध्ययनमा समावेश भएका शब्दहरूको परिभाषा यस शोध अध्ययनको क्रममा प्रयोग गरिने शब्दहरूको गलत अर्थ नलागोस भनी तिनीहरूको संक्षिप्त रूप र परिभाषा तल दिइएको छ :

बालमैत्री : बालबालिकाहरूलाई सहज हुने अवस्था

सिकाइ उपलब्धि : विद्यार्थीले शिक्षण सिकाइबाट हासिल गर्नु पर्ने पाठ्यक्रममा उल्लेखित उपलब्धि

अन्तर्निहित प्रतिभा : बालबालिकाभित्र रहेको प्रतिभा

| | |
|---|---|
| योजनाकार | : बालमैत्री शिक्षण प्रक्रियावारे योजना वनाउने व्यक्ति |
| नीति निर्माता | : शिक्षा सम्वन्धमा नीति वनाउने व्यक्ति |
| वुद्धिजीवी | : ग्रामीण समाजका समाजसेवी मान्यजन |
| अभिभावक | : बालबालिका संरक्षणका पालनपोषण गर्ने |
| मार्ग दर्शक | : शिक्षण प्रक्रियाबारे पथ प्रदर्शक |
| पहुँच | : विद्यालयमा शिक्षा आर्जन गर्ने अवसर |

# परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक ढा“चा

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

प्रारम्भिक बालविकास केन्द्रका बालबच्चाहरूलाई शिक्षण गर्ने सम्बन्धमा प्रख्यात शिक्षाविद्हरू फ्रेडरिक अगष्ट फ्रोबेल र मेरिया मन्टेश्वरीका शैक्षिक अवधारणाहरू नै प्रारम्भिक बालविकास शिक्षाका सैद्धान्तिक आधार र स्रोतहरू हुन् । फ्रोबेलको किन्डरगार्डन विधि र डा.मेरिया मन्टेश्वरीको मन्टेश्वरी पद्धति पहिलेदेखि नै प्रयोगमा आएको पाइन्छ । हाल नेपालमा बालविकास कार्यक्रम सञ्चालन भइरहेको सन्दर्भमा कक्षा शिक्षण गर्ने विधि वा प्रक्रिया सम्बन्धमा विभिन्न संघ, संस्था, निकाय र व्यक्तिहरूले अध्ययन गरिसकेका छन् ।

जर्मन शिक्षाविद् प्रेडरिच फ्रोबेल (१७८२-१८५२) जसले किन्डर गार्डन र बालबालिकालाई शिक्षामा खेल विधिको आविष्कारका रूपमा पनि चिनिन्छ । फ्रोबेलको उद्देश्य शैक्षिक संस्थाहरूमा खेल विधिको महत्वको बारेमा जानकारी गराउनु थियो । बालबालिकाहरूका लागि शिक्षाको सबैभन्दा उपयुक्त माध्यम भनेको खेल विधि हो र साथी जस्तै खुला प्राकृतिक वातावरणमा सिकाइ गर्नुपर्छ भन्ने कुरामा उनी विश्वस्त थिए ।

फ्रोबेलका अनुसार पूर्ववाल्यावस्थाको शिक्षामा खेल विधिको अत्यन्तै महत्वपूर्ण योगदान रहेको छ । जसले बालबालिकाका अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्दछ । खेलका दौरानमा बयस्कहरूको नक्कल गर्ने बानीले बालबालिकाहरूले विश्वमा भएका विभिन्न प्रकारका कुराहरू सिक्छन । तसर्थ उनी विश्वस्त छन् की खेल विधि समन्वय गर्दै कलिला बालबालिकाहरूलाई शिक्षित बनाउने तरिका उनीहरूका क्षमता र आवश्यकता आकांक्षा अनुरूप, रुचि अनुसार विभिन्न सीप र दक्षताहरूको विकास हुन्छ । आमा र किन्डरगार्डन शिक्षकहरूमा बालबालिकाहरूको प्रकृति र विकासका अवस्थाहरूप्रति शैक्षिक योग्यता हुनुपर्छ भन्ने कुरामा फ्रोबेल विश्वस्त थिए ।

फ्रोबेलका अनुसार बाल्यावस्था भनेको बालबालिकाहरूले पर्याप्त मात्रामा खेल्ने अवसर पाउनु हो । बालक खेल्दा खेलमा सहभागी हुँदा सबैभन्दा बढी खुशी हुन्छ र खेल विभिन्न रूपका हुन्छन् । परिवारका सदस्यहरूको नक्कल गर्नु, गुडिया वा खेलौनाहरूसँग खेल्ने, छुने, लुकिछिपी जस्ता खेलहरू सामान्यतया खेल मैदानमा समूहमा दैडिदै खेल्छन् । खेलले बालबालिकाहरूका विभिन्न मनोक्रियात्मक सीपमा विकास गर्ने र कल्पनाशील साथै क्रियाकलापहरूलाई ऊर्जा दिने काम गर्दछ । फ्रोबेल म्याडम, मन्टेश्वरी सबैले बालबालिकाहरूलाई शिक्षण गर्दा खेल विधिको प्रयोगको महत्व महसुस गरेका छन् ।

फ्रोबेलले बालबालिकाहरूलाई खेल विधिबाट शिक्षण गर्नुपर्ने कुरामा जोड दिएका छन् । खेलका माध्यमबाट बालबालिकाभित्र लुकेर रहेको अन्तर्निहित प्रतिभालाई उजागर गर्न प्राकृतिक वातावरणको प्रयोग गर्दै सिकाइ गर्नु पर्दछ । वास्तवमा बालबच्चाहरू विभिन्न किसिमका खेलसँग सम्बन्धित क्रियाकलाप ज्यादै मनपराउने गर्दछन् । खेल्दाखेल्दै नजानिंदो पारामा बच्चाहरूले सिक्ने भएको हुँदा यस कुरामा फ्रोबेलले जोड दिएका थिए । आजभोलि पनि बालबालिकाहरूलाई सिकाउने क्रममा फ्रोबेलको शिक्षण प्रक्रियालाई अनुसरण गर्दै सिकाउने गरिन्छ ।

लामा र साथीहरू (२०६८), का अनुसार प्रारम्भिक उमेरका बालबालिकाका अभिभावकहरूले आफ्ना केटाकेटीलाई बालविकास केन्द्र (किन्डरगार्टेन) अथवा शिशु विकास केन्द्रमा (अर्लिचाइल्डहुड)

डेभलपमेन्ट सेन्टर, इसीडी) पठाउने गर्दछन् । यस्ता केन्द्रमा आफू जस्तै धेरै साथी समूहबीच खेल्दै र अन्तरक्रिया गर्दै विभिन्न सीपहरू सिक्ने अवसर पाउँदछन् । यस्ता केन्द्रहरू आकर्षक, आनन्ददायक एवम् बालविकासका लागि अत्यावश्यक पूर्वाधारहरूको परिपूर्ति गर्ने किसिमको हुनुपर्छ । यस्तो केन्द्रले केटाकेटीको जिज्ञासालाई सही तरिकाले पूर्ति गर्ने अवसर उपलब्ध गराउनुको साथै दबाव विना स्वास्थ्य, शारीरिक, मानसिक एवम् संवेगात्मक विकास सम्वन्धी क्रियाकलाप सञ्चालन गर्नु पर्दछ । यस अवस्थामा बालबालिकाको मस्तिष्कको ९०% विकास भइसकेको हुन्छ । मस्तिष्कको यो क्षमतालाई परिचालन एवम् अभ्यास गराउने किसिमको क्रियाकलाप हुन सकेन भने केटाकेटीको क्षमतामा ह्रास आउँदै जान्छ । तसर्थ यस्तो केन्द्रबाट केटाकेटीको भावनामा आँच नआउने किसिमले स्वतन्त्रपूर्वक खेल्दै, नाच्दै, गाँउदै र आपसी अन्तरक्रिया गर्दै सिक्ने अवसर पाउनु पर्छ । यसवेला केटाकेटीका विभिन्न आवश्यकतालाई प्रतिबिम्ब एवम् परिपूर्ति गर्ने किसिमका खेल सामग्रीको सहायताले क्रियाकलाप गराउनु पर्दछ । खेल सामग्रीहरूमा ज्ञानात्मक पक्षको विकास गराउने हुनु पर्दछ । विभिन्न खालका खेलको माध्यमबाट बच्चाहरूको कल्पनाशक्ति र अवलोकन एवम् मूल्याङ्कन क्षमतालाई बढाँउदछ ।

पुस्तकमा लेखिएका विषयवस्तुले बालविकास केन्द्रका साना बच्चाहरूलाई शिक्षण गर्दा ध्यान पुऱ्याउनु पर्ने र बच्चाको चौतर्फी विकास गर्ने खालका क्रियाकलाप सञ्चालन सम्वन्धमा लेखिएको छ । बालविकास केन्द्रका साना बच्चाहरूलाई मनोरञ्जनपूर्ण वातावरणमा समूह समूह बीच खेल्दै, अन्तरक्रिया गर्दै शिक्षण गर्नु पर्ने कुरामा जोड दिएको छ । बच्चाहरू सहित बच्चाको चौतर्फी विकास गर्ने खालका क्रियाकलापका साथ शिक्षण गर्नु पर्दछ । बालबालिकाहरूको मस्तिष्कको विकास हुने गरी उमेर अनुसारका खेल सामग्री प्रयोग गर्दै सिकाइ हुने गरी शिक्षण गर्न शिक्षक निपूर्ण हुनु पर्नेछ । यस्ता बालविकास केन्द्रमा शैक्षिक सामग्री र खेल सामग्रीसहित कक्षाकोठाको वातावरण रमाइलो वनाई कक्षा भित्र र कक्षा बाहिर खेलाउने क्रियाकलाप सहित शिक्षण गर्ने सम्वन्धमा लेखिएकोले यस अध्ययनलाई सघाउ पुऱ्याएको छ ।

भण्डारी (२०६४), ले पूर्वबाल्यावस्था विकास भन्ने पुस्तकमा मन्टेश्वरी शिक्षा पद्धतिको बारेमा प्रकाश पारेका छन् । सन् १८७० मा इटलीमा जन्मी रोम विश्वविद्यालयबाट विद्यावारिधी प्राप्त गर्ने पहिलो महिला डा.मेरिया मन्टेश्वरीको मन्टेश्वरी शिक्षा पद्धति व्यक्तित्व विकासको सिद्धान्त, स्वतन्त्रताको सिद्धान्त, क्रियात्मक शिक्षा, इन्द्रिय प्रशिक्षकको सिद्धान्त, स्वअनुभव सिकाइ सिद्धान्तमा आधारित छ । बालकको अन्तर्निहित गुणहरूलाई बाहिर ल्याउने वातावरण सिर्जना

गर्नुपर्ने, बालबालिकाहरूलाई कडा अनुशासनमा राख्न नहुने, उनीहरूलाई हिँडाउने, उफ्राउने, जुत्ता लगाउने जस्ता मांशपेशीय क्रियाकलापहरू गराउने, विभिन्न आकारका वस्तुहरू, पाठका टुक्राहरू, रङ्गीन चक्कीहरू मार्फत ज्ञानेन्द्रियहरूको विशेष तालिम दिने, बालबालिकाहरूको आ-आफ्नो इच्छा, रुचि र क्षमताअनुसार स्वअनुभव र स्वशिक्षा ग्रहण गर्ने अवसर प्रदान गर्ने मन्टेश्वरी शिक्षा पद्धतिको मूल आशय हो ।

मन्टेश्वरी शिक्षण विधिबाट समेत प्रचलित यस बाल स्वतन्त्रता र खेलद्वारा शिक्षण गरिन्छ । अढाई वर्षदेखि सातवर्षको उमेर समूहका बालबालिकाहरूलाई विभिन्न समूहमा वर्गीकरण गरी प्रयोगात्मक, गीत र खेलको माध्यमबाट शिक्षण गर्नु पर्दछ भन्ने धारणा मन्टेश्वरीको रहेको छ । मन्टेश्वरीको शिक्षण विधिमा शिक्षालाई क्रियात्मक शिक्षा, इन्द्रियसम्बन्धी शिक्षा, भाषा र अङ्क सम्बन्धी शिक्षा जस्ता विषय छुट्याई सिकाइन्छ ।

यस पुस्तकमा मन्टेश्वरी शिक्षा पद्धतिको माध्यमबाट बालबच्चाहरूलाई बच्चाहरूको इच्छा, चाहना र क्षमता अनुसारका क्रियाकलाप गराउनु पर्नेमा जोड दिएको पाइन्छ । बालबालिकाहरूको अन्तर्निहित क्षमताको प्रतिभालाई उजागर गर्ने खालका र शारीरिक विकासमा मद्दत पुऱ्याउने क्रियाकलाप गराई शिक्षण गर्ने गरेको देखिन्छ । यसका साथै बालबालिकाहरूलाई गीत र खेलका क्रियाकलाप गराउँदै सबैलाई सक्रिय सहभागी गराउँदै शिक्षण गर्ने कुरामा जोड दिएको पाइन्छ । बालबालिकाहरूले विभिन्न क्रियाकलाप गर्दै जाँदा स्वतः शिक्षा प्राप्त गर्दै जाने हुँदा यस्ता क्रियाकलाप बारम्बार दोहोऱ्याउँदै लगेमा सिकाइ प्रभावकारी हुने गर्दछ । बालकक्षा शिक्षण गर्दा मन्टेश्वरी शिक्षा पद्धति अनुसरण गर्दै मनोरञ्जनपूर्ण वातावरणमा खेल, गीत र शारीरिक क्रियाकलाप गर्दै सिकाइ गर्नु पर्दछ ।

रिमाल र साथीहरू (२०६५), ले केटाकेटीको समस्यालाई कसरी बुझ्ने ? शीर्षकमा बालविकास केन्द्रमा पढ्ने उमेरका बच्चाहरूलाई गराउने क्रियाकलाप बारेमा प्रकाश पार्नु भएको छ । खेलले केटाकेटीहरूलाई उत्प्रेरणा दिने काम गर्छ । वैयक्तिक खेलमा नै खेल एवम् सामुहिक खेल, उमेर र आवश्यकता अनुरूप खेल्ने वातावरण बनाइदिनु पर्छ । धेरै साना केटाकेटी रङ्गीचङ्गी वस्तुहरूसँग खेल्न रमाउँछन् भने ४-६ वर्षका केटाकेटी भाँडाकुटी, सानो साथी समूह र खेलौना (गुरिया) सँगै वार्तालाप गरेर खेल्न रुचाउँछन् । केही खेल त्यस्ता हुन्छन् जसले केटाकेटीहरूलाई विशेष सीप र जिम्मेवारी बहन गर्नुपर्छ भन्ने भावनाको पनि विकास गराउँदछ ।

आफूभन्दा ठूलाले गरेका कार्यहरूको नक्कल गर्ने खेलहरू जस्तै आमा बनी पुतलीलाई दूध खुवाउने, स्याहार सुसार गर्ने, भाँडाकुटी खेली भात पकाउने, भाँडा सफा गर्ने, टेबल पुछ्ने, लुगा धुने, पसल गई सामान किनमेल गर्ने जस्ता नाटकीय खेल हुन् । यस्ता खेलले एकातिर काम गर्ने सीपको ज्ञानलाई बढाउँछ भने अर्कोतिर कार्य विभाजन र जिम्मेवारीको महसुस गराउँछ । तसर्थ केटाकेटीलाई खेलको माध्यमबाट सिकाउनका लागि र खेललाई बढी मनोरञ्जनकारी एवम् प्रभावकारी बनाउनका लागि कहिलेकाँही आफू पनि केटाकेटीसँग सहभागी बनी खेल्ने गर्नु पर्दछ । यसो गर्दा खेलको माध्यमबाट नियम, मर्यादा र अनुशासनको बारेमा पनि ज्ञान दिन सकिन्छ ।

नेपालको परिप्रेक्ष्यमा "स्वस्थ्य बालबालिकाका लागि खेलको महत्व हुन्छ" भन्ने अवधारणाले खासै प्रश्रय पाएको छैन । खेल्ने उमेरका केटाकेटीले आफूभन्दा साना भाइबहिनी हेर्नुपर्ने, आमासँगै भाँडा माझ्नु पर्ने, जंगल र पँधेरामा जानुपर्ने, बाख्रा हेर्न जानुपर्ने वाध्यता गाउँघरतिर छ भने शहर बजारमा साँगुरो घर गल्ली, सीमित खुल्ला खेलमैदान र बालउद्यानको अभावमा केटाकेटीका आधारभूत आवश्यकता माथि प्रतिबन्ध लागेको महसुस हुन्छ । शहरका विद्यालयहरूमा पनि खुला मैदान एवम् विविध सामग्री उपलव्ध हुन नसक्दा र किताबको संख्यालाई मात्र बढी महत्व दिने प्रथाको विकास हुँदै जाँदा केटाकेटीमा थुप्रै मनोसामाजिक समस्याहरू बढ्दै गइरहेको पाइन्छ । त्यसैले स्वतन्त्रपूर्वक खेल खेल्न नपाएका केटाकेटीमा उदण्ड एवम् अनुशासनहीनता जस्ता स्वभाव देखिन्छ । तसर्थ स्वस्थ्य बालविकासका लागि खेल अत्यन्त महत्वपूर्ण हुने तथ्यलाई सबै सचेत वर्गले मनन् गरी केटाकेटीका लागि खेल्ने अवसर र खेल सामग्री एवम् बालउद्यानको व्यवस्थाप्रति संवेदनशील बनी सोच्नु पर्दछ । खेलले केटाकेटीको विविध पक्षको विकास गराउँदछ ।

यस पुस्तकमा साना बच्चाहरू (३-६ वर्षका) लाई स्वस्थ्य बन्नका लागि खेलका क्रियाकलापहरूमा जोड दिनुपर्ने र बच्चाहरूको उमेर खेलप्रति आकर्षिक हुँदै खेलको माध्यमबाट सिकाइ गर्ने अवस्था हुन्छ । त्यसैले घर वरिपरिको वातावरण र बालविकास केन्द्रका कक्षामा समेत कक्षाभित्र खेल्न सकिने खेलका क्रियाकलापहरू नियमित रूपमा सहयोगी कार्यकर्ताले गराउनु पर्दछ । ठूलो समूह र खुल्ला ठाउँमा खेलिने खेलका क्रियाकलाप कक्षाकोठा बाहिर गराउने व्यवस्था मिलाउनु पर्दछ । खेलको माध्यमबाट बच्चाहरूले रमाइलो र भयरहित वातावरणमा सहभागी हुँदै जिम्मेवारीपूर्वक क्रियाकलापमा संलग्न हुँदा उसको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकासमा मद्दत पुग्दछ । त्यसैले बालविकास केन्द्रका कक्षामा गरिने क्रियाकलाप खेल भएको हुँदा यस अध्ययनमा यसले सघाउ पुऱ्याउनेछ ।

गौतम (२०६५) का अनुसार बालविकास कक्षा सञ्चालन गरेका स्कूलका साना कक्षामा विद्यार्थी भर्ना दर बढेको देखाउँछ भने यस्ता कक्षा सञ्चालन नभएका स्कूलमा भने विद्यार्थी भर्नादर घटेको निष्कर्ष निकालिएको छ । त्यस्तै सार्वजनिक स्कूलले सञ्चालन गरेका बालविकास कक्षाको जनशक्ति र पूर्वाधार कमजोर रहेको निजी स्कूलले सञ्चालन गरेको मन्टेश्वरी कक्षा र सरकारी स्कूलमा सञ्चालन गरिएको बालविकास कक्षामा धेरै समानता भेटिएपनि मन्टेश्वरीको तुलनामा बालविकास कक्षा प्रभावकारी बन्न नसकेको निचोड उल्लेख गरिएको छ । २ वर्षदेखि ६ वर्षसम्मका बालबालिकाहरूलाई खेलबाट सिकाइने पद्धतिले तिनको शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक विकास हुने तथ्यसमेत औल्याइएको छ ।

यस अध्ययनबाट के निचोड निकाल्न सकिन्छ भने बालविकास कक्षा सञ्चालन गरिएका समुदायका सबै बच्चाहरू नियमित रूपमा विद्यालयमा अध्ययन गर्न आउने गरेको पाइन्छ । सामुदायिक बालविकास केन्द्रहरूको पढाइ निजी विद्यालयको तुलनामा कम देखिएता पनि बालविकासका स.का.हरूको शिक्षण गर्ने तरिकाको कारण बच्चाहरू विद्यालय आउन खुशी हुने गरेको पाइन्छ । बालविकास केन्द्रका कक्षामा बालबालिकाहरूको रुचि अनुसारका खेलका माध्यमबाट सिकाउनाले बच्चाहरूको व्यवहार छिटो परिवर्तन गराउन सकिने कुरामा जोड दिएको पाइन्छ । त्यसैले बच्चाहरूलाई सिकाउन विधिको प्रयोग गर्न गौतमको अध्ययनले जोड दिएको पाइन्छ ।

## २.२. अध्ययनको सैद्धान्तिक ढा“चा

स्किनर (१९३०) ले उल्लेख गरे अनुसार शिक्षाको पहिलो खुड्किलो चढ्ने क्रममा सर्वप्रथम विद्यालय पढन आएका बालविकास केन्द्रका साना साना बालबालिकाहरूलाई पढाउने सिकाइको वर्तमान अवस्था कस्तो छ ? बालमैत्री शिक्षण सिकाइमा शिक्षिका, विद्यालय र  अभिभावकहरूको भूमिका के हुन सक्छ ? साना साना बालबच्चाहरूलाई मायालु वातावरणमा सिकाउने कुरामा के के ले प्रभाव पारेको छ ? सिकाइका शिक्षण सीपहरू कक्षाकोठा र बालबालिकाहरूमा प्रयोग भएको छ ? जस्ता विविध पक्षहरूसँग कार्यवाहक सम्वद्ध सिकाइ सिद्धान्तलाई आधार मानिएको छ ।

उनले मुसा र परेवा लगायतका जनवारहरूका क्रियाकलापको अवलोकनबाट अध्ययन गरेका थिए । स्किनरका अनुसार सिकाइ वा व्यवहार परिर्वतन उपलब्ध वातावरणीय उद्दीपकप्रति सहज क्रममा पैदा हुने प्रतिक्रिया र त्यसपछि प्राप्त हुने पुर्नवलीय उद्दीपन बीचको सम्वन्धबाट सम्भव

हुन्छ । यस सिकाइ सिद्धान्तमा प्राणीले कुनै पनि सिकाइ सिक्नका लागि क्रियाशील हुनै पर्छ । प्राणीले जस्तो किसिमको क्रियाकलाप गर्दछ त्यस्तै किसिमको सिकाइ सिक्दछ ।

कार्यवाहक सम्बद्ध सिकाइको सिद्धान्तलाई विश्लेषण गर्दा के पुष्टि हुन्छ भने कुनै न कुनै आवश्यकताबाट प्राणी प्रेरित हुन्छ । आवश्यकता महसुस गरेको प्राणीले खोजी कार्य सुरु गर्दछ । यही खोजी कार्यमा प्राणी जब सक्रिय हुन्छ उसले विभिन्न व्यवहारहरू देखाउने गर्दछ । यिनै व्यवहारहरूबाट देखापरेको उपयुक्त कार्यलाई (लक्षणलाई) सिकाइ भनिन्छ । स्किनरले व्यवहारपरक सिद्धान्तका लागि थुप्रै प्राणीहरूमा प्रयोग गरे जसमध्ये भोकाएको मुसामा गरेको प्रयोग प्रसिद्ध छ । उनले ध्वनिरहित वाकस निर्माण गरे जसको नाम स्किनरको बाकस राखियो । यस वाकसमा लिभर थिच्नासाथ मुसाले खाना प्राप्त गर्न सक्दछ । मुसालाई वाकसभित्र थुने पछि यताउता घुम्छ, घुम्दा घुम्दै नजानीकन मुसाले लिभर थिच्न पुग्दछ र खानेकुरा प्राप्त गर्दछ । यस प्रकारको लिभर थिचाइको क्रममा प्रत्येक पटकमा मुसालाई खानेकुरा पुरस्कारको रूपमा दिइन्छ । यसरी मुसो लिभर थिच्ने कलामा निपूर्ण हुन्छ । मुसाले हरेक पटक थिचेको लिभरको रेकर्ड गर्ने स्वचालित प्रक्रिया निर्धारण गरेको हुन्छ । यस प्रयोगमा बाकसभित्र मुसाको भोक Reinforcer हो, खाना प्राप्त हुनु पुनर्बलयुक्त हो, मुसाले लिभर थिच्न अभ्यस्त हुनु कार्यपरक सम्वन्ध सिकाइ हो । यसरी स्किनरले व्यवहारपरक सिकाइमा कुनै पनि प्राणीले चाहेको व्यवहार निर्माण आफ्नै सक्रियतामा गर्न सक्ने प्रमाणित गरेका छन् ।

व्यवहारपरक सिकाइ सिद्धान्त साना साना बालबच्चाहरूको सामाजिक तथा व्यवहारिक क्रियाकलापहरूसँग सम्वन्धित रहेको छ । यसै सिद्धान्तको आधारमा वालविकास केन्द्रका बच्चाहरूले राम्रा बानीहरू सिक्ने, दैनिक जीवनका कार्यहरू गर्ने गर्दछन् । कक्षाकोठामा कसरी पुनर्वलको व्यवस्थापन गर्ने, विद्यार्थीहरूमा यस सिद्धान्तलाई क्रान्तिकारी कदमका रूपमा लिन सकिन्छ । बालविकास केन्द्रका बच्चाहरूलाई शिक्षिकाले कक्षाकोठामा शिक्षण गर्दा जहिले पनि राम्रो शैक्षिक वातावरणभित्र रहेर अधिक सन्तुष्टि हुन सक्ने किसिमबाट शिक्षण गर्नु पर्दछ । शिक्षणलाई प्रभावकारी बनाउनका लागि बच्चाहरूले सिक्ने क्रममा कक्षा शिक्षणमा पुरस्कार वा पुर्नबलको

प्रयोगले चाहेको उद्देश्य पुरा गराउन यो सिद्धान्त अनुसार व्यक्तित्व निर्माण हुने गर्दछ । यस व्यवहारपरक सिकाइ सिद्धान्त अनुसार शिक्षिकाले बच्चाहरूलाई राम्रोसँग पढाउनु र बच्चाहरूले राम्रोसँग पढ्नु दुवैको व्यक्तित्वको राम्रो विकास हुनु हो ।

बालविकास कक्षामा कक्षा शिक्षण गर्ने क्रममा शिक्षिकाले विद्यार्थीको व्यवहारको आधारमा सिकाइ चाँडो र दीर्घकालीन वनाउन बारम्बार पुरस्कार वा प्रशंसाका शब्दहरू दिनु आवश्यक पर्दछ । त्यसैगरी यस सिद्धान्तलाई यस अनुसन्धानमा प्रयोग गर्ने क्रममा शिक्षिकाले कक्षा शिक्षण गर्दा दण्डको बदला पुरस्कारको प्रयोग गरी प्रभावकारी शिक्षण गर्नु पर्दछ । शिक्षाको क्षेत्रमा व्यवहारमूलक सिद्धान्तको सवैभन्दा क्रान्तिकारी कदम "शिक्षण मेसिन र योजनावद्ध सिकाइ" को विकासलाई मानिन्छ । अतः "शिक्षण मेसिन र योजनावद्ध शिक्षण" को आधारमा यस सिद्धान्तको प्रयोग कक्षा शिक्षणमा प्रभावकारी रूपमा गर्न सकिन्छ ।

कार्यवाहक सम्वन्ध सिकाइको सिद्धान्त अनुसार बालविकास केन्द्रका कक्षामा कक्षा शिक्षण प्रक्रिया शिक्षिकाहरूले सञ्चालन गर्दा बच्चाहरूलाई दण्ड कहिल्यै दिनु हुदैन । बच्चाहरूलाई मनोरञ्जनपूर्ण बालमैत्री वातावरणमा मानवीय र सामाजिक बानीहरू वसाल्ने क्रममा पुरस्कार वा प्रेमका भाषाहरू प्रयोग गर्दै शिक्षण गर्नु पर्दछ । सो आधारमा यस शोध अध्ययनलाई व्यवहारवादी मनोवैज्ञानिक बि.एफ.स्किनरको सिद्धान्त अनुसार अघि बढाइएको छ ।

बालविकासका बालबालिकाहरूले कक्षाकोठामा शिक्षण सिकाइका क्रममा गरिने निश्चित क्रियाकलापमा सक्रिय सहभागिता जनाए पश्चात वा शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न गरी सके पछि सवै बालबालिकालाई उनीहरूको रुचि अनुसार खेल्ने अवसर प्रदान गर्नु पर्दछ । व्यवहार परिवर्तन सम्वन्धी सिद्धान्तलाई बालविकास कक्षा शिक्षण सिकाइमा सम्वन्धित गरिएको छ (शर्मा एण्ड शर्मा, २०६३ बाट उद्धृत) ।

## २.३. पुनरावलोकनको उपादेयता

यस बालविकास केन्द्रका कक्षामा कक्षा शिक्षण प्रक्रिया सम्बन्धमा गरिने यो शोध अनुसन्धानले प्रारम्भिक बालविकास कक्षामा शिक्षण सिकाइको वर्तमान अवस्था र यससँगै सम्बन्धित समस्याहरूको पहिचान एवम् शिक्षण विधिको प्रभावकारिताबारे तथ्य तथ्याङ्कहरू खोजी विश्लेषण गर्ने भएकाले विद्यालय, स्रोतकेन्द्र, शिक्षिका, जिल्ला शिक्षा कार्यालय र तालिम दिने निकाय समेतलाई कार्यक्रम कार्यान्वयन गर्न तथा शिक्षासँग सम्बन्धित निकायलाई समेत यो अध्ययन उपयोगी छ । मन्टेश्वरी शिक्षा पद्धति, किन्डरगार्टन विधिमा उल्लेख भए जस्तै बालविकास

केन्द्रहरूमा विभिन्न खेल सामग्रीहरू र अन्य बालसिकाइ सामग्रीहरूको कुशलतापूर्वक प्रयोग गरी स्वतन्त्र, मनोरञ्जनात्मक, सहभागितामूलक र गरेर सिक्ने क्रियाकलापहरू सञ्चालन गर्न यस अध्ययनको सैद्धान्तिक अवधारणाले सघाउ पुग्ने आशा गरिएको छ । यो शोधपत्र वर्तमान अवस्थामा बालविकास केन्द्रका साना बच्चाहरूलाई रमाइलो वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने सहयोगी कार्यकर्ताहरूलाई समेत सहयोगी सामग्री बनेको छ ।

बालविकास केन्द्रका साना बालबालिकाहरूको शिक्षण सिकाइ सम्बन्धी जानकारी राख्न चाहने अभिभावक, शिक्षक, प्राज्ञिक व्यक्ति, बुद्धिजीवी, शिक्षाप्रेमी, नागरिक समाज र अन्य विभिन्न संघ संस्थाहरूलाई समेत सन्दर्भ सामग्रीका रूपमा उपयोगी छ ।

# परिच्छेद तीन : अध्ययन विधि

बालविकास केन्द्रमा कक्षा शिक्षण सम्वन्धमा अध्ययनका लागि स्थान छनौट पश्चात तथ्याङ्क सङ्कलन गर्ने प्रक्रियाहरू प्रयोग गरिएको छ । सम्वन्धित ठाउँमा गएर स्थलगत अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, छलफल लगायत विभिन्न तरिकाबाट तथ्याङ्क सङ्कलन गरी अध्ययन गरिएको छ ।

## ३.१. अनुसन्धानात्मक ढा“चा

शोध अनुसन्धान कार्यलाई व्यवस्थित रूपले सम्पन्न गर्न तयार पारिने बृहत् योजना तथा रणनीतिलाई नै अनुसन्धानात्मक ढाँचा भनिन्छ (खनाल, २०६६) । यस अध्ययनमा प्रारम्भिक बालविकास कक्षामा कक्षा शिक्षण प्रक्रियासँग सम्वन्धित विविध पक्षहरूको वर्तमान अवस्थाको टिपोट उठाई वर्णनात्मक रूपमा तुलना र विश्लेषण गरिने हुँदा अध्ययनको अनुसन्धानको ढाँचा गुणात्मक पद्धतिमा आधारित छ ।

## ३.२. अध्ययनको जनसङ्ख्या र नमुनाको आकार

यस अध्ययनको लागि नेपाल सरकार जि.शि.का.बाट अनुमति लिई सञ्चालन भैरहेका धनकुटा जिल्ला अर्न्तगत ६नं. बुधबारे र मुढेबास गा.वि.स.मा रहेका बालविकास केन्द्रहरू यस अध्ययनका जनसंख्याको रुपमा रहेका छन् ।

यस शोध अनुसन्धानको लागि निर्धारित उद्देश्यहरु पूरा गर्नका लागि ६नं. बुधबारे स्रोतकेन्द्रका ४ ओटा सामुदायिक बालविकास केन्द्र छनौट गरिएको थियो । यस अध्ययनका लागि श्री संयुक्त उ.मा.वि. टोक्रोम्बा बालविकास केन्द्र, श्री मुना प्रा.वि. टोड्के बालविकास केन्द, श्री जनता नि.मा.वि. मुक्तारा बालविकास केन्द र श्री शारदा उच्च मा.वि. बुधबारे बालविकास केन्द रहेका छन् । यी बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरु १/१ जना, विद्यालयका प्र.अ.हरु १/१

जना, बालविकास केन्द्रका वि.व्य.स.का अध्यक्षहरु १/१ जना, विद्यार्थीहरू २/२ जना र अभिभावकहरु २/२ जना यस अध्ययनको नमूनाको आकारभीत्र समेटिएका छन् । नमूना छनौटमा परेका विद्यालय, प्र.अ., स.का., विद्यार्थी र अभिभावकहरुको नामावली अनुसूची १ मा राखिएको छ ।

३.३. नमुना छनौट विधि

यस अध्ययनका लागि धनकुटा जिल्ला अर्न्तगत ६नं. बुधबारे स्रोतकेन्द्रमा रहेका ६नं. बुधबारे र मुढेबास गा.वि.स.छनौट गरिएको छ । यस गा.वि.स.भित्र सञ्चालित सामुदायिक बालविकास केन्द्र मध्ये प्रत्येक गा.वि.स.वाट २/२ वटा बालविकास केन्द्र उद्देश्यमूलक ढङ्गबाट छनौट गरिएको छ । छनौटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरू, विद्यालयका प्र.अ.हरू, बालविकास केन्द्रका व्यवस्थापन समितिका अध्यक्षहरू, २/२ जना विद्यार्थीहरू र २/२ जना अभिभावकहरू गोलाप्रथाद्वारा छनौट गरी अध्ययन गरिएको छ ।

## ३.४. नमूना छनौटको आधार

यस अध्ययन कार्यलाई अघि बढाउनका लागि नमूनाको आकार निर्धारण गर्नका लागि नमूनाको छनौट गर्दा आफ्नो कार्य क्षेत्र स्थल, यातायातको सुविधा, आर्थिक मितव्ययिता, भौगोलिक अवस्थिति, तथ्याङ्क प्राप्तीको विश्वासनियता, सीमित स्रोत, साधन र समय सीमालाई आधार बनाइएको छ ।

३.५. तथ्याङ्क सङ्कलनका साधनहरू

यस अनुसन्धानका क्रममा आवश्यक तथ्य, सूचना र तथ्याङ्क सङ्कलन गर्न निम्न लिखित साधनहरू उपयोग गरिएको छ :

३.५१. प्रश्नावली

(कौल, १९९७) का अनुसार प्रश्नावली मनोवैज्ञानिक, सामाजिक, शैक्षिक विषयसँग सम्वन्धित शृङ्खलाबद्ध प्रश्नहरू सङ्लग्न त्यो साधन हो जसलाई अध्ययनका समस्याहरू समाधान गर्ने उद्देश्यले व्यक्ति तथा व्यक्तिहरूको समूहमा पठाइन्छ । उत्तरदाताहरूले खुल्ला रूपमा आफ्नो विचार

व्यक्त गर्न पाउने खालका प्रश्नहरू समावेश भएको प्रश्नावलीलाई खुल्ला प्रश्नावली भनिन्छ । बालविकास केन्द्रको कक्षामा कक्षा शिक्षण प्रक्रिया सम्वन्धमा गुणात्मक तथ्यलाई पुष्टि गर्नका लागि इसीडी फोकलपर्सन, सहयोगी कार्यकर्ता, बालविकास केन्द्र व्यवस्थापन समिति अध्यक्ष र अभिभावकहरूसँग प्रत्यक्ष सम्पर्क राखी प्रश्नावली भराई सूचना र तथ्याङ्क सङ्कलन गरियो । अध्ययनको क्रममा स.काहरू र विद्यार्थीहरूलाई भराइएको प्रश्नावली अनुसूची क्रमश : २ र ३ मा राखिएको छ ।

३.५.२. अन्तर्वार्ता सूचि

अर्न्तवार्ताका लागि तयार गरिएको लिखित प्रश्नावलीलाई अर्न्तवार्ता सूची भनिन्छ । जुन अन्तर्वार्ताकार स्वम्ले उत्तरदाताहरूसँग मुखामुख भई सोध्ने र उत्तर लेख्ने गर्दछ । यस अध्ययनमा प्रत्येक बालविकास केन्द्रका प्रधानाध्यापक र अन्य पदाधिकारीहरूसँग प्रत्यक्ष सम्पर्क राखी उनीहरूकै स्तर अनुसारको कक्षा शिक्षण प्रक्रिया सम्बन्धी प्रश्नहरू सोध्दै अर्न्तवार्ता लिइएको थियो । उक्त अन्तर्वार्ताको नमुना अनुसूची क्रमशः ४ र ५ मा देखाइएको छ ।

३.५.३. कक्षा अवलोकन फाराम

अवलोकन भनेको नयाँ कुरा प्राप्त गर्नका लागि कुनै व्यक्ति अथवा वस्तुलाई पटक पटक हेर्ने कार्यलाई अवलोकन भनिन्छ । शैक्षिक अनुसन्धानका लागि कक्षाकोठामा शिक्षकद्वारा विद्यार्थीलाई पढाउने क्रममा गरिएका क्रियाकलापहरू र अन्य तथ्य सङ्कलन गर्ने कक्षाकोठा अवलोकन गरी फाराममा टिपोट गर्न सकिन्छ । यस अध्ययनमा बालविकास केन्द्रहरूको कक्षा कोठामा उपलब्ध भौतिक सामग्रीहरूको अतिरिक्त सहयोगी कार्यकर्ता र बालबालिकाहरूको कक्षा क्रियाकलापहरूको जानकारी प्राप्त गर्न कक्षा चलिरहेको अवस्थामा शिक्षणमा प्रयोग गरिएका शिक्षण विधिहरू प्रयोगमा ल्याएका र सामग्रीको वारेको कक्षाकोठाभित्र नै वसेर अवलोकन गरी फारम भरिएको थियो । अध्ययनको क्रममा प्रयोग गरिएको कक्षा अवलोकन फारमको नमुना अनुसूची ६ मा राखिएको छ ।

३.५.४. लक्षित समूह छलफल

यस अध्ययनका लागि छनौट भएका बालविकास केन्द्रका सम्वन्धित व्यक्तिहरूसँग सानो समूहमा बसी गरिने छलफललाई लक्षित समूह छलफल भनिन्छ । यस अनुसन्धानका क्रममा बालविकास केन्द्रको शिक्षण प्रक्रिया र शैक्षिक सामग्रीका वारेमा जानकारी लिन सम्वन्धित सरोकारवालाहरूसँग निश्चित विषयवस्तुमा आधारित भई छलफल गरी निचोड निकाली आवश्यक

सूचना सङ्कलन गरियो । यस क्रममा प्रयोग गरिएको अन्तर्वार्ता प्रश्नावलीको नमुना अनुसूची ७ मा राखिएको छ ।

## ३.६. तथ्याङ्क स्रोतहरू

यस शोध अध्ययन कार्यलाई पूर्ण बनाउन तथ्याङ्कको आवश्यकता र स्रोतलाई उच्च महत्व दिनु पर्ने हुन्छ । यस अध्ययन कार्यमा मुख्य गरी निम्न स्रोतबाट तथ्याङ्कको प्राप्ति र प्रयोग गरिएको छ ।

### ३.६.१. प्राथमिक स्रोत

अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा सङ्लग्न भई सङ्कलन गरिएको तथ्यलाई प्राथमिक स्रोतको रूपमा राखिएको छ । अध्ययनमा नमूनामा परेका बालबालिकाहरू सहयोगी कार्यकर्ता, प्र.अ., बालविकास केन्द्र व्यवस्थापन समितिका अध्यक्ष र अभिभावकहरूसँग प्रत्यक्ष सम्पर्क गरी अर्न्तवार्ता, प्रश्नावली, कक्षा अवलोकन, स्थलगत सर्वेक्षण फारम र वैयक्तिक अध्ययन आदिको माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरियो ।

### ३.६.२. द्वितीय स्रोत

अध्ययन अनुसन्धानलाई पूर्ण बनाउन प्राथमिक स्रोतबाट प्राप्त सूचना मात्र पर्याप्त नहुने हुँदा प्रस्तुत शोधकार्यमा अध्ययनको विषयसँग मेलखाने विभिन्न रचना, शिक्षा सम्वन्धी प्रतिवेदन, शिक्षा ऐन र नियमावली, शोधपत्र, जर्नल, निर्देशिका, पाठ्यपुस्तक, सहयोगी कार्यकर्ता तालिम पुस्तिका, निर्देशिकालाई द्वितीय स्रोतको रूपमा प्रयोग गरियो ।

## ३.७. तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यका लागि अनुसन्धानकर्ताद्वारा स्थलगत अवलोकनका साथै विभिन्न विधिद्वारा तथ्याङ्क सङ्कलन गरी अध्ययनलाई पूर्णता दिइएको छ ।

तथ्याङ्क सङ्कलनका क्रममा छनौटमा परेका बालविकास केन्द्रलाई पत्राचार वा चिठ्ठी मार्फत अध्ययनमा आवश्यक तथ्याङ्कको जानकारी हुने गरी प्रमाणित गरी पठाउनु हुनका लागि सम्वन्धित निकाय वा व्यक्तिलाई पत्राचार गरियो ।

यस अध्ययनलाई आवश्यक तथ्याङ्क सङ्कलनको क्रममा छुटेका वा महत्वपूर्ण जानकारीहरू प्राप्त गर्न सम्वन्धित बालविकास केन्द्रका सहयागी कार्यकर्ता, प्र.अ., बालविकास केन्द्रका फोकलपर्सन र आवश्यक व्यक्तिसँग टेलिफोन, फ्याक्स, इमेल आदिबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ ।

यस अध्ययनलाई पूर्णता दिनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्ताले सहयोगीको रूपमा आफ्ना साथीलाई सम्वन्धित ठाँउमा पठाई तथ्याङ्क सङ्कलन गरी अध्ययन पूरा गरियो ।

## ३.८. तथ्याङ्क विश्लेषण प्रक्रिया

यस शोध अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त हुने तथ्याङ्कहरूलाई तालिकाद्वारा प्रस्तुत गरी सङ्ख्यात्मक एवम् व्याख्यात्मक विवरणका रूपमा प्रस्तुत गरिएको छ । त्यसका आधारमा बालविकास केन्द्रमा कक्षा शिक्षण प्रक्रियाको वर्तमान स्थिति र प्रभावकारिताको पहिचान गरियो ।

बालविकास केन्द्रमा कक्षा शिक्षण प्रक्रियाको अनुसन्धानको क्रममा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको कक्षा अवलोकन, स्थलगत सर्वेक्षण फारम, प्रश्नावली, अन्तर्वार्ता र लक्षित समूह छलफलबाट प्राप्त जानकारी र तथ्यहरूलाई गुणात्मक र वर्णनात्मक रूपले प्रस्तुत गरिएको छ । त्यसैगरी विद्यालय अभिलेख, शिक्षा ऐन तथा नियमावली, तालिम पुस्तिका लगायत अन्य आवश्यक पाठ्यपुस्तक आदिको प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरी अध्ययन गरिएको छ । त्यसैगरी बालविकास केन्द्रको शिक्षण प्रक्रियाको अवलोकन, स्थलगत निरीक्षण, प्र.अ.र वि.व्य.स.अध्यक्ष आदिबाट लिएका तथ्य जानकारीहरूलाई विभिन्न शीर्षक राखी तिनको व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्कको व्याख्या र विश्लेषण गुणात्मक पद्धतिबाट गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्क व्यख्या र विश्लेषण

धनकुटा जिल्लाको पूर्वी दक्षिण भागमा अवस्थित ६नं. बुधबारे स्रोतकेन्द्रमा रहेका १० ओटा बाल विकास केन्द्रहरू मध्ये नमुना छनौटमा परेका ६नं. बुधबारे र मुढेबास गा.वि.स.मा रहेका ४ ओटा बाल विकास केन्द्रहरूमा पाठ्यक्रम कार्यान्वयन अवस्थाको वर्तमान स्थितिलाई देहायका शीर्षकहरूमा आधारित रही विश्लेषण गरिएको छ ।

## ४.१. बालविकास केन्द्रमा पाठ्यक्रम र शिक्षण सिकाइ प्रक्रियाको अवस्था

अनुसन्धानको क्रममा बालविकास कक्षामा पाठ्यक्रमको कार्यान्वयन तथा शिक्षण सिकाइ प्रक्रियाको वर्तमान अवस्था पहिचान गर्न नमूना छनौटमा परेका बालविकास केन्द्रहरूको स्थलगत निरीक्षण र कक्षा अवलोकन, प्रश्नावली निर्माण गरी सम्वन्धित पक्षबाट भराई र छलफल अर्न्तक्रियाका माध्यबाट सिकाइ प्रक्रियाको अवस्था पहिचान गरियो । बालकक्षामा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधि वा प्रक्रिया सम्वन्धमा छनौटमा परेका कक्षाहरूमा पुगी कक्षा अवलोकन र सरोकारवालाहरूसँगको अर्न्तक्रिया छलफलबाट सिकाइ प्रक्रियाको वर्तमान अवस्था पत्ता लगाउने कार्य सम्पन्न गरियो । बाल कक्षामा शिक्षण गर्ने सहयोगी कार्यकर्ताहरूमा ७५% ले विभिन्न निकायहरूबाट सञ्चालित तालिम लिइ सकेको अवस्था पाइयो । बालविकास केन्द्रमा हुने सिकाइ

प्रक्रियाबाट गरिएको अनुसन्धानको वर्तमान अवस्था तपसिल अनुसार प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

४.१.१. बालविकास कक्षाको भौतिक अवस्था

प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रमको लक्ष्य त्यसवेला मात्र पूरा हुन्छ जव बालविकास केन्द्रको कक्षाकोठा भौतिक रूपले साधन सम्पन्न र सुविधायुक्त बनाइन्छ । बालबालिकाहरूको लागि कक्षाकोठा फराकिलो र दोहोरो हावा सञ्चालन हुने हावादार हुनुपर्दछ । कक्षाकोठाभित्र खेलिने खेल र समूह क्रियाकलापको लागि प्रर्याप्त ठाउँ हुनु पर्दछ । कोठामा पर्याप्त उज्यालो हुनु पर्दछ । झ्याल ढोकाहरूको छेस्किनीसहित व्यवस्था हुनु आवश्यक हुन्छ ताकि भित्रको सामान सुरक्षा हुनुको साथै जाडोमा न्यानो वनाउन र गर्मीमा हावादार बनाउन सुविधा पुग्छ । त्यस्तै कक्षाकोठाको छाना पानी नचुहिने र सिलिङ लगाइएको राम्रो हुन्छ । बालबालिकाका लागि बस्ने सामान सुकुल, कार्पेट आदिको उचित व्यवस्था हुनु पर्दछ । कक्षाकोठाको वरिपरि भित्तेलेखन गरेर आकर्षक वनाएमा राम्रो हुन्छ ।

अध्ययनमा परेका बाल विकास केन्द्रहरूको कक्षाकोठाभित्रको भौतिक व्यवस्थापनसँग सम्वन्धित तत्वहरूको अवस्थालाई अध्ययन गरी देखिएको अवस्था प्रस्तुत गरिएको छ ।

अध्ययनमा परेका ४ ओटा बालविकास केन्द्रको कक्षाकोठा सवैमा फराकिलो भुँइ भित्ता, प्लाष्टर भएको कक्षाकोठा पाइयो । ६नं. बुधबारे गा.वि.स.मा रहेका २ ओटा बाल कक्षामा कार्पेट र कुसन र टेवलको समेत व्यवस्था भएको पाइयो । त्यसैगरी कक्षाकोठाभित्र जुत्ता चप्पल राख्ने र्‍याक, सानो वेन्च, कक्षाकोठाको वरिपरिका छेउमा दराज, कुर्सी टेवल, सामग्री राख्ने प्लाष्टिकका डाली, झोला राख्ने व्यवस्था र पानीको फिल्टर समेत भएको पाइयो । त्यसैगरी कक्षाकोठामा श्वेतपाटी समेत व्यवस्था गरिएको पाइयो ।

मुढेबास गा.वि.स.मा रहेका २ ओटा बालविकास केन्द्रमा पनि कक्षा कोठाहरुमा कार्पेट र कुशनको व्यवस्था रहेको पाइयो । जुत्ता चप्पल, झोला तथा खाजा राख्ने र्‍याकको व्यवस्था भएको पाइएन । कक्षामा श्वेतपाटीको व्यवस्था गरेको पाइयो ।

बालविकास कक्षा फराकिलो वसाइ व्यवस्थामा कक्षाकोठाभरि कार्पेट र बच्चाहरूलाई कुसनको व्यवस्था भए तापनि कक्षाकोठाभित्र खानेपानीको फिल्टर, फोहोर राख्ने डस्बिन, सामग्री राख्ने डाली आदिको व्यवस्था गर्नुपर्दछ । थोरै आर्थिक स्रोत लाग्ने खालका सामग्रीहरू विद्यालयको

स्रोतबाट पूरा गर्दै जानुपर्दछ । बालविकास केन्द्रमा रहेका भौतिक पक्षसँग सम्बन्धित सामग्रीहरू अनुसूची ८ मा राखिएको छ ।

४.१.२. बालविकास कक्षाको कक्षाकोठा व्यवस्थापन

कक्षा व्यवस्थापन कक्षा शिक्षण प्रक्रियाको महत्वपूर्ण अङ्ग हो । एउटा कक्षाकोठाभित्र सिकाइ प्रक्रिया संलग्न विभिन्न सामग्रीहरू व्यवस्थित तरिकाले मिलाएर राखिएको हुन्छ । त्यसैगरी वच्चाहरूमा प्रयोग गरिने खेल सामग्री, टेवल, कुर्सी, र्‍याक, दराज, खानेपानीको फिल्टर, श्वेतपाटी, सामग्री राख्ने वाकस लगायतका सामानहरू व्यवस्थित रूपमा राख्नु आवश्यक हुन जान्छ । त्यसैगरी साना साना बालबच्चाहरूलाई सिकाइमा संलग्न गराउन विभिन्न आकार जस्तै यु आकार, वृत्ताकार, अर्धवृत्ताकार, लाइन, स्वतन्त्र र समूहगत जस्ता रूपमा राखी आवश्यकता अनुसार शिक्षण गर्नु पर्दछ । यसरी एउटा कक्षाकोठा भित्र सिकाइका साथै आवश्यक सामग्रीलाई उपयुक्त वातावरण मिलाएर राख्नुलाई कक्षा व्यवस्थापन भनिन्छ ।

अध्ययनमा रहेका ४ ओटा बालविकास केन्द्रको कक्षा व्यवस्थापनलाई हेर्दा गा.वि.स.गत रूपमा फरक फरक रहेको पाइयो । ६नं. बुधबारे गा.वि.स.मा रहेको शारदा उच्च मा. वि. बालविकास केन्द्र र जनता प्रा.वि. मा रहेको बालविकास केन्द्रको कक्षा व्यवस्थापनमा राम्रो व्यवस्था रहेको पाइयो । कक्षाकोठामा सिकाइको लागि भरिपूर्ण सामग्रीलाई उचित तरिकाले व्यवस्थापन गरी हेर्दा आकर्षक र भरीपूर्ण सामग्री भएको कक्षाकोठाको रूपमा देख्न सकिन्छ । त्यसैगरी अध्ययनको क्रममा मुना प्रा. वि.मा रहेको बालविकास केन्द्रको कक्षा व्यवस्थापनलाई हेर्दा कक्षाकोठा भित्र पर्‍याप्त सामग्रीको अभाव, आवश्यक बसाइ व्यवस्थापन गर्न कठिनाइ र सामग्री कम रहेको अवस्था देखिन्छ । त्यसैगरी अध्ययनमा परेको संयुक्त उच्च मा. वि. बालविकास केन्द्रमा कक्षाकोठा फराकिलो भए तापनि सामग्री कम रहेको पाइयो । कक्षाकोठा भित्र दराज, दराजमा सामग्री राखिएको, कक्षाकोठा भित्र वरिपरि डोरी टाँगिएको र भित्तामा चार्टहरू झुण्डयाइएको पाइयो । यसरी अध्ययनको क्रममा सवै बालविकास कक्षाहरूमा भएको सामग्रीहरू व्यवस्थित रूपमा राख्ने गरिएको पाइयो ।

बालविकास कक्षा व्यवस्थापन हेर्दा ६नं. बुधबारे गा.वि.स.का बाल विकास केन्द्र सक्षम र धेरै राम्रोसँग व्यवस्थापन गरेको हुँदा राम्रो बालविकास भएको छ । तर मुढेबास गा.वि.स.मा रहेका बालविकास केन्द्रले योजनावद्ध तरिकाले सुधार गर्न प्रयत्न नगरेको देखिन्छ । सामान्य रूपमा भएका सामग्री र गर्न सकिने काम गर्न ढिलाइ गर्दा बालविकास कक्षाको व्यवस्थापनमा पछि पर्न गएको

देखिन्छ । त्यसैले बालकक्षाको व्यवस्थापनमा व्यवस्थापन समिति, विद्यालय, प्र.अ., शिक्षक, अभिभावक सवै मिलेर यसको सुधार गर्ने गर्नु पर्दछ ।

४.१.३. बालविकास कक्षाको शिक्षण सिकाइ

बालविकास कक्षामा बालमैत्री शिक्षण सिकाइ प्रकृया सञ्चालन गरेमा सेवाक्षेत्र भित्रका बालबच्चाहरू नियमित रूपमा कक्षामा उपस्थित हुने र सिक्ने अवस्था रहन जान्छ । बच्चाहरूलाई रमाइलो र भयरहित वातावरणमा शिक्षण गर्नु शिक्षकको कर्तव्य हो । यस अध्ययनमा परेका ४ ओटा बालकक्षाको सिकाइ प्रक्रियाको मूल्याङ्कन गर्ने सन्दर्भमा २/२ पटक कक्षा अवलोकन गरी देखिएको अवस्था यस प्रकार रहेको छ ।

शारदा उ.मा.वि.मा रहेको बालविकास केन्द्र र जनता प्रा. वि.मा रहेको बालविकास केन्द्रमा कक्षा सञ्चालनको समयमा पुगी कक्षा अवलोकन गर्दा अध्ययन कार्य भइरहेको पाइयो । त्यसैगरी मुढेबास गा.वि.स.मा रहेका संयुक्त उ.मा.वि.मा रहेको बालविकास केन्द्र र मुना प्रा.वि.मा रहेको बालविकास केन्द्रमा कक्षा अवलोकन गर्दा गीत सिकाउने काम भइरहेको पाइयो । अवलोकनको क्रममा ६नं. बुधबारे गा.वि.स.मा रहेका बालविकास केन्द्रमा बच्चाहरूको उपस्थित सङ्ख्या वढी रहेको पाइयो । शारदा उ.मा.वि.को बालविकास केन्द्रको कक्षा अवलोकनमा जम्मा विद्यार्थी १२ मध्ये ११ जना र जनता प्रा.वि.मा रहेको बालविकास केन्द्रमा जम्मा १० मध्ये ९ जना उपस्थित रहेको पाइयो । त्यस्तै संयुक्त उ.मा.वि. बालविकास केन्द्रमा जम्मा १२ मध्ये १० जना र मुना प्रा.वि.मा जम्मा विद्यार्थी ७ मध्ये ५ जना मात्र उपस्थित रहेको पाइयो । शरदा उ.मा.वि. बालविकास केन्द्रको विद्यार्थी उपस्थिति दर ९१.६ प्रतिशत, जनता प्रा.वि. बालविकास केन्द्रमा ९० प्रतिशत, संयुक्त उ.मा.वि. बालविकास केन्द्रमा ८३ प्रतिशत, मुना प्रा.वि. बालविकास केन्द्रमा ७१ प्रतिशत विद्यार्थीहरु उपस्थिति भएको पाइयो । यसरी हेर्दा ६नं. बुधबारे गा.वि.स.का बालविकास केन्द्रका भन्दा मुढेबास गा.वि.स.का. बालविकास केन्द्रका विद्यार्थीहरुकोव उपस्थिति दर राम्रो भएको पाइयो ।

कक्षाभित्र गरिने सिकाइ प्रक्रियामा विभिन्न फरक फरक तरिकाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको पाइयो । कक्षा अवलोकनका वेला सहयोगी कार्यकर्ताहरूले प्रयोग गरेको शिक्षण विधिको तालिका तपसिल अनुसार रहेको छ :

tflnsf !

बालकक्षामा प्रयोग गरिएका क्रियाकलापहरू

| क.सं. | बालविकास केन्द्रको नाम | क्रियाकलापहरू |
|---|---|---|
| १. | शारदा उच्च मा.वि. बालविकास केन्द्र | गीत, पढाउने, लेख्ने, पढ्न लगाउने |
| २ | जनता नि.मा.वि. बालविकास केन्द्र | गीत, खेल, पढ्न, लेख्न, कथा |
| ३ | संयुक्त उच्च मा.वि. बालविकास केन्द्र | बालगीत, खेल, पढ्न र लेख्न |
| ४ | मुना प्रा.वि. बालविकास केन्द्र | बालगीत, लेख्न, पढ्न, खेल |

स्रोत : स्थलगत अध्ययन, २०७१

माथिको तालिका अध्ययन गर्दा कक्षा शुरुवात गर्दा सवैले बालगीत गाउँने र गाउँन लगाउने गरेको पाइयो । त्यसपछि पढन लगाउने, लेख्न लगाउने र खेल खेलाउने गरेको पाइयो । अध्ययनको क्रममा साना साना बच्चाहरूलाई खेलाउने मुना प्रा.वि. र संयुक्त उ.मा.वि. बालविकास केन्द्रमा अत्यन्त कम रहेको पाइयो । यस उमेरका बच्चाहरूलाई खेलविधिबाट सिकाउनु राम्रो हुन्छ । कक्षा अवलोकनको क्रममा सवै बालविकास केन्द्रमा प्रारम्भिक बालविकास पाठ्यक्रम नपुगेको हुँदा के पढाउने, कसरी सिकाउने, कुन कुन क्रियाकलाप गराउने आदि आफ्नै स्वविवेक अनुसार गर्ने गरेको पाइयो ।

बालविकास कक्षामा कक्षा शिक्षण क्रियाकलाप गर्न दैनिक कार्यतालिका निर्माण गरी शिक्षण गर्ने गरेको शारदा उ.मा.वि. र जनता नि.मा.वि. बालविकास केन्द्रमा पाइयो । त्यसैगरी शिक्षण क्रियाकलापको रूपमा बालुवा क्षेत्र निर्माण गरी खेल खेलाउने गरेको समेत पाइयो । त्यसैगरी जनता नि.मा.वि. बालविकास केन्द्रमा आर्ट एण्ड क्राफ्टका क्रियाकलाप गराउँदै बच्चाहरूले निर्माण गरेका सामग्री डोरीमा प्रर्दशन गरेको पाइयो । शारदा उ.मा.वि. बालविकास केन्द्रले बच्चाहरूलाई पाठ्यपुस्तक, पेन्सिल, कलरपेन आदि दिँदै विद्यालयमा राख्ने व्यवस्था गरेको पाइयो । यी बालविकास केन्द्रमा कक्षा अवलोकन गर्दा बच्चाहरूले स्वत स्फूर्त रूपमा बालगीत गाउने र खेल खेल्ने गरेको अवस्था अवलोकनमा देखियो ।

बालविकास कक्षाको शिक्षण सिकाइ प्रकृयामा शारदा उ.मा.वि. र जनता नि.मा.वि. बालविकास केन्द्रले योजना अनुसार शिक्षण गर्ने गरेको र खेल, गीत, हस्तकला, चित्रकला समेतका क्रियाकलापद्वारा अधययन गर्ने राम्रो पक्ष देखिन्छ । तर मुढेबास गा.वि.स.का बालविकास केन्द्रले शिक्षण गर्दा योजना निर्माण गरी अध्यापन गर्नु पर्दछ । बच्चाहरूलाई खेलाउने सामग्री, पाठ्यपुस्तक, पाठ्यक्रम, कथाका किताव आदि खरिद, सङ्कलन गरी प्रयोग गर्नु पर्दछ । स्थानीय स्तरमा पाइने

सामग्री विद्यार्थी र स.का.हरूले सङ्कलन गरी शिक्षणमा प्रयोग गर्ने वानी वसाल्नु पर्दछ । साथै बालविकास केन्द्रले बच्चाका सामग्रीहरू राख्ने र्‍याकहरू बच्चाले भेटने गरी राख्ने प्रवन्ध मिलाउनु पर्दछ ।

४.१.४. बालविकास कक्षामा शैक्षिक सामग्री

बालविकास कक्षाकोठामा बालमैत्री वातावरण सिकाइ प्रक्रिया सञ्चालन गर्नका लागि पर्याप्त मात्रामा शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । बालविकास केन्द्रले आवश्यक शैक्षिक सामग्री बेलाबेलामा खरिद गर्ने गर्दछ । धेरैजसो शैक्षिक सामग्री स्थानीय स्तरमा पाइने, सङ्कलन गर्नु पर्ने र सकिएका सामग्रीहरूबाट प्रयोग गर्ने खालका हुन्छन ।

शैक्षिक सामग्रीहरू शिक्षण सिकाइलाई प्रभावकारी वनाउने औजारहरू हुन् । यी औजारहरू विना साना बच्चाहरूलाई वास्तविक तथ्यको जानकारी दिन गाह्रो पर्दछ । यस्ता सामग्री व्यवस्थापन गर्न सहयोगी कार्यकर्ताहरू मेहेनती  समर्पित हुन जरुरी छ । बालकक्षा शिक्षण गर्ने वास्तविक ठोस वस्तु र अर्धठोस वस्तु देखाई सिकाउने गर्दा सिकाइ प्रभावकारी हुन जान्छ । यसरी शिक्षण गर्दा बालबच्चाहरूलाई सिक्न सरल र सहज हुन्छ भने शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहज र सरल हुन्छ ।

बालकक्षाहरूमा शिक्षकद्वारा सङ्कलन गरिएका सामग्रीहरू कम रहेको पाइयो । त्यसैगरी संयुक्त उ.मा.वि. र मुना प्रा.वि. बालविकास केन्द्रमा सिकाइमा प्रयोग हुने सामग्री र खेल सामग्री अत्यन्त कम रहेको हुँदा विद्यालय र स.का.ले बढी सक्रियता पूर्वक सङ्कलन गर्ने कार्यमा जोड दिनु पर्छ । शैक्षिक सामग्री र खेल सामग्री सङ्कलन गर्न विद्यालय, प्र.अ.ले सहयोगी कार्यकर्ताहरू र बालबच्चाहरूलाई प्रोत्साहन गर्नु पर्ने हुन्छ ।

अध्ययनको क्रममा बालविकास कक्षामा शिक्षण गर्न चाहिने सामग्रीहरू शारदा उ.मा.वि. र जनता नि.मा.वि. बालविकास केन्द्रमा वढी र अन्य बालविकास केन्द्रमा कम रहेको पाइएको हुँदा शैक्षिक सामग्री र खेल सामग्रीमा वढी ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । स्थानीय स्तरमा सङ्कलन गर्न सकिने सामग्री सङ्कलन गर्न विद्यालय सहयोगी कार्यकर्ताहरू वढी मात्रामा सङ्लग्न रहनु पर्दछ । मूल्य नपर्ने र सामान्य मेहनतमा प्राप्त गर्ने शैक्षिक सामग्री घर, समुदाय, वरिपरि प्राप्त गर्न सकिन्छ । यसतर्फ विद्यालय र बालविकास केन्द्रको ध्यान पुग्नु पर्दछ । यस्ता सामग्रीहरूलाई प्रयोग पश्चात बालबच्चाहरूले भेटन सक्ने गरी सुरक्षित स्थानमा व्यवस्थापन गर्ने कार्य गर्नु पर्ने हुन्छ ।

### ४.१.५. बालविकास कक्षामा सरसफाइ

बालविकास केन्द्रमा सिकाइ प्रक्रियासँग सम्वन्धित महत्वपूर्ण पक्ष भनेको सरसफाइ हो । विद्यालय परिसरदेखि लिएर कक्षाकोठा भित्र र कक्षाका विद्यार्थी एवम् शिक्षकको अवस्थालाई बुझाउँछ । विद्यालय वातावरणको सरसफाइले बालबच्चाहरूलाई सरसफाइ हुन प्रेरित गर्दछ । त्यसैले साना बच्चाहरूलाई कक्षाकोठा, खेलमैदान र आफ्नो व्यक्तिगत सरसफाइ गर्न सहयोगी कार्यकर्ताहरूले वढी निगरानी राख्नु पर्दछ । शिक्षण सिकाइ भनेको नै असल, सफासुग्घर र सरसफाइमा ध्यान पुऱ्याउने व्यक्ति बनाउनु हो । बालकक्षामा १०-१५ मिनेटको एउटा कक्षामा शुरु शुरुमा दैनिक रूपमा व्यक्तिगत सरसफाइ हेर्ने व्यवस्था मिलाउनु राम्रो हुन्छ । अर्थात् कक्षाकोठा भित्र प्रवेश गर्ने वेलामा स.का. वा बालबच्चाहरूले साथीहरूको नङ, दाँत, कपाल, कपडा र शरीर हेरी सुझाव दिने गरेमा बच्चाहरू सफासुग्घर भई विद्यालय आउने बानी बस्छ ।

बालविकास केन्द्रको सरसफाई हेर्दा शारदा उ.मा.वि. र जनता नि.मा.वि. बालविकास केन्द्रमा फोहर फाल्ने ठाउँको उचित व्यवस्था गरिएको र कक्षाकोठा भित्र डस्वीन राखिएको हुँदा फोहर उचित ठाउँमा फाल्ने वानी वसेको पाइयो । त्यसैगरी संयक्त उ.मा.वि. र मुना प्रा.वि. बालविकास केन्द्रमा फोहर व्यवस्थापन गर्ने ठाउँ तोकिएको तर कक्षाकोठा भित्र फोहर राख्ने डस्वीनको व्यवस्था गर्न बाँकी रहेको पाइयो । सहयोगी कार्यकर्ताहरूले हप्तामा १/२ पटक सरसफाइ अवस्था जाँच गर्ने गरेको पाइयो । सरसफाइ सम्वन्धी जाँच गर्ने क्रममा वच्चाहरूलाई नै मूल्याङ्कन गर्न लगाई सवैलाई सरसफाइ सम्वन्धमा जानकारी दिनु आवश्यक हुन्छ । अध्ययनमा रहेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरू र विद्यालयका प्र.अ. र समितिहरूले विद्यालयको सरसफाइमा उचित ध्यान पुऱ्याउनु पर्ने हुन्छ । साना बालबच्चाहरूलाई शुद्ध खानेपानी व्यवस्थापन गर्न फिल्टरको व्यवस्था हुनुपर्छ । तर अध्ययनमा रहेका २ ओटा बालविकास कक्षा भित्र खानेपानी व्यवस्था हुन सकेको छैन । त्यसैगरी साना बच्चाहरूले भेट्नेगरी शौचालयको छिडकिनी र धारा राख्नुपर्ने हुन्छ । अव निर्माण गरीने धारा प्राथमिक तहका बच्चाहरूलाई प्रयोग गर्न सजिलो हुने गरी बनाउनु पर्दछ ।

### ४.१.६. बालविकास कक्षामा विद्यालय र समुदायको सहयोग

विद्यालय समुदायमा रहेका बालबच्चाहरूलाई उचित शिक्षा दिन सञ्चालन गरिएको हुन्छ । त्यसैले विद्यालयमा समुदायको प्रत्यक्ष संलग्न र सहयोग रहने गरेको हुन्छ । नेपाल सरकारले

विद्यालयको व्यवस्थापन पक्ष समुदायलाई जिम्मा दिने नीति तय गरेको छ । बालविकास केन्द्रहरू पनि विद्यालय र समुदायमा गरी सञ्चालन भएको अवस्था छ । विद्यालयको भौतिक निर्माण देखि लिएर आर्थिक, सामाजिक र प्रशासनिक अवस्था सुधार गर्न विद्यालयलाई समुदायले सहयोग गरेको अवस्था छ । यस अध्ययनमा परेका बालविकस केन्द्र सञ्चालन गर्न समुदायबाट उचित सहयोग लिन विद्यालय लागि पर्नु पर्दछ । विद्यालयमा विद्यार्थीको वसाइ व्यवस्थापन, खानेपानी, शौचालय, आवश्यक खेल सामग्री, अन्य फर्निचर आदिको व्यवस्थापनमा समुदायले ठूलो सहयोग पुर्‍याउँदै आइरहेको छ ।

यस अध्ययनमा रहेका बालविकासहरूमा शारदा उ.मा.वि. र जनता नि.मा.वि. बालविकास केन्द्रले समुदाय, व्यक्ति, सघं संस्थाहरूबाट आर्थिक सहयोग लिई फर्निचर, कार्पेट, खेल सामग्री, चार्टहरू आदि सहयोग लिएर नमूना बालविकास कक्षा निर्माण गर्न सफल भएको देखिन्छ । तर संयुक्त उ.मा.वि. र मुना प्रा.वि. बालविकास केन्द्रले समुदायबाट सहयोग लिन, व्यक्ति, संघ संस्थाहरू खोजी गरी कक्षाकोठा देखि लिएर विद्यालयको समग्र विकास गर्न पाठ सिक्नु पर्ने देखिन्छ । तर विद्यालयको शैक्षिक अवस्था सुधार गर्न सके बालविकास केन्द्रहरू समुदायबाट सहयोग लिई अगाडि बढीरहेको अवस्था छ ।

अध्ययनमा रहेका बालकक्षाहरू केही समुदायबाट सहयोग लिई धेरै अगाडि वढेको र केही बालकक्षाहरू परिचालन गर्न असक्षम देखिएकाले आयिन्दा समुदायसँग सहकार्य गर्दै अगाडि बढ्नु पर्दछ । यस क्रममा बालविकास केन्द्रका सेवा क्षेत्रमा रहेका व्यक्ति, बुद्धिजिवी, समाजसेवी, संघ संस्थाहरूसँग समन्वय र हातेमालो गर्दै आफ्ना बालकक्षा सुधार गर्न घचघच्याउनु पर्दछ । यसरी आफैं सचेत भई दाता खोजी गर्दै अगाडि वढेमा आफ्ना बालबच्चाहरू अध्ययन गर्ने संस्थाको विकास गर्न सकिन्छ ।

### ४.२. बालकक्षा शिक्षण सिकाइमा रहेका समस्याहरू

बालकक्षाका साना बच्चाहरू आमाबाबुको न्यानो माया पाउँदा पाउँदै पहिलो पाठशालाको रूपमा प्रवेश गर्दछन । यस्ता कलिला बालवालिकाहरूलाई परिवारको जस्तै माया दिई असल वानी व्यवहार र ज्ञान सीप सिकाउनु ज्यादै चुनौतिपूर्ण रहेको छ । बालकक्षाका बच्चाहरूको बालमैत्री शिक्षण सिकाइका लागि भौतिक पूर्वधार निर्माण गरी पर्याप्त शैक्षिक र खेल सामग्री व्यवस्थापन गर्न कठिन छ । त्यसैगरी सरोकारवालाहरूको बालकक्षाप्रति रहेको धारणामा परिवर्तन ल्याउन धेरै प्रयत्न गर्नुपर्दछ । परम्परागत व्यवस्थापन वा सिधै अक्षर पढन र लेख्न लत वसेका सहयोगी

कार्यकर्ताहरूलाई बालमैत्री शिक्षण सिकाइमा तत्पर गराउन वा वानी वसाल्न त्यति सजिलो छैन । हाम्रो मुलुकमा सानो कक्षा अध्यापन गर्ने कम्तीमा आठ कक्षा उर्त्तीण गरेका शिक्षकहरूले ३/४ वर्षका बालबच्चाहरूको बाल मनोविज्ञानवारे परिचित भएको हुँदैन । यस्ता कम योग्यता भएका शिक्षकबाट बच्चाको बालमनोविज्ञान बुझेर शिक्षण गर्न समस्या रहेको देखिन्छ । विद्यालयमा रहेको बालकक्षाबाट बालमैत्री कक्षा निर्माण गरी पहिलो जग वसाल्ने कक्षालाई भौतिक पूर्वधार, शैक्षिक सामग्री र अन्य व्यवस्थापनमा पहिलो प्राथमिकता विद्यालयहरूले दिनु आवश्यक छ । यसका अलवा बालकक्षा शिक्षण सिकाइ गर्नका लागि देखिएका समस्याहरू निम्न अनुसार रहेका छन् ।

४.२.१. बालविकास कक्षामा विद्यार्थी

विद्यालय र समुदायमा आधारित बालकक्षामा भौतिक व्यवस्थापनमा केहि फरक पाइन्छ । बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरूलाई उनीहरूको उमेर, रुचि, क्षमता अनुसार कक्षाकोठा व्यवस्थापन गर्नु पर्ने हुन्छ । वि.सं. २०६१ सालबाट विद्यालय र समुदायमा बालकक्षा सञ्चालन गरी अध्यापन गर्न स्वीकृत गरे तापनि विद्यार्थीलाई सिकाइमा आवश्यक पर्ने धेरै समस्याहरू विद्यमान रहेको अवस्था छ । बालबालिकाहरूलाई वस्ने ठाउँ वा सहज वातावरण निर्माण गर्न आफै धेरै विद्यालयहरू पछि परेका छन् । बालबालिकाहरूले सहज रूपमा आफ्नो कक्षाकोठामा वा वाहिर धाराबाट पानी खानपाउने अवस्था छैन । त्यसको अलवा बच्चाहरूलाई प्रारम्भिक बालविकास दिग्दर्शन-२०६२ अनुसार शिक्षण गर्न खेलकुदका सामग्रीहरू, कथाका पुस्तकहरू, चित्रकथा र अन्य शैक्षिक सामग्रीहरू विद्यालयले व्यवस्थापन गर्न पहल नगर्दा सिकाइमा समस्या परेको देखिन्छ । बालकक्षामा अध्ययन गर्न आउने बच्चाहरू ४/५ वर्ष उमेरका हुनुपर्नेमा अढाइ तीन वर्षका बच्चाहरू विद्यालय पठाइ दिँदा अध्यापन कार्यमा समस्या हुने गर्दछ । त्यसैगरी अभिभावकहरूले आ-आफ्ना बच्चाहरूलाई खाजा लिएर नपढाउने गर्दा टिफिन पछि कक्षा संचालन गर्न कठिनाइ भएको देखिन्छ । त्यस्तै विद्यार्थीहरू नियमित उपस्थिति नहुँदा शिक्षण सिकाइमा समस्या रहेको पाइन्छ ।

बालविकास केन्द्रमा विद्यार्थीसँग सम्बन्धित समस्या धेरै बालकक्षाहरूमा रहेको छ । यहाँ पनि मुढेबास गा.वि.स.मा रहेका बालकक्षामा बढी समस्या रहेको हुँदा समस्या समाधान गर्न बालकेन्द्र आफैँ लाग्नु पर्दछ । विद्यमान समस्या समाधान गर्न कार्ययोजना निर्माण गरी स्थानीय निकाय, समाजसेवी, बुद्धिजीवी र समुदायका संघ संस्थाहरूको प्रत्यक्ष संलग्नतामा काम गर्ने गर्नु पर्दछ ।

बालकक्षाका सेवा क्षेत्रभित्र रहेका संघ संस्था, समुदाय, अभिभावक र विद्यालय आफै लागी विद्यमान समस्या समाधान गर्न जुट्नु पर्दछ । यसरी अघि बढेमा क्रमश: बालविकास केन्द्रमा रहेका समस्या समाधान गर्न सकिन्छ ।

४.२.२. बालविकास कक्षामा भौतिक पक्ष

प्रारम्भिक बालकक्षामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि विद्यार्थीहरूको उमेर अनुसारको खानेपानीको धारा, चर्पी, कक्षाकोठा फराकिलो खेल्न समेत मिल्ने र खाजा खाने ठाउँको उचित व्यवस्थापन हुनु पर्दछ । विद्यालयहरूमा मायालु र भयरहित वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न भौतिक पूर्वाधार नपुग देखिएको छ ।

प्रत्येक बालविकास कक्षाका लागि विद्यार्थी संख्या अनुसार कक्षाकोठाभित्र खेल खेल्न मिल्ने गरीको फराकिला कक्षाकोठा आवश्यक पर्दछ । त्यसैगरी उमेर अनुसारको एउटा शौचालय आवश्यक हुन्छ । प्रत्येक विद्यालयमा खानेपानीको धारा विद्यार्थीको उमेर अनुसार हुनु आवश्यक छ । बालकक्षाका विद्यार्थीहरूका लागि चिप्लेटी खेल खेल्न व्यवस्था हुनु पर्दछ । मुढेबास गा.वि.स.मा रहेका बालविकास केन्द्रमा बच्चाहरूको उमेर अनुसार फर्निचरको व्यवस्था हुन बाँकी देखिन्छ । अध्ययनमा रहेका सबै बालकक्षामा बच्चाहरू कक्षाकोठा बाहिर खेल्न मिल्ने बालुवा क्षेत्र र पानी क्षेत्र निर्माण गरी क्रियाकलाप गर्न थालिएको छैन । शारदा उ.मा.वि. र मुना प्रा.वि. बालविकास केन्द्रमा विद्यार्थीहरूको जुत्ता चप्पल राख्ने ऱ्याक, झोला राख्ने ऱ्याक नभएको पाइयो । त्यस्तै कक्षामा दराज, सामग्री राख्ने ऱ्याक, विद्यार्थी विभिन्न आकारमा बस्ने गरी कुर्सी र टेबल आदिको व्यवस्थापन गर्न बाँकी रहेको देखिन्छ । यसरी अध्ययन गर्दा बालकक्षाहरूको भौतिक व्यवस्थापन पक्षमा धेरै समस्या रहेको पाइन्छ । तुलनात्मक रूपले मुढेबास गा.वि.स.का २ वटा नै बालविकास कक्षामा भौतिक व्यवस्थापनमा धेरै परिवर्तन गर्नुपर्ने देखिन्छ । यसरी भौतिक व्यवस्थापनको कमीका कारण बच्चाहरूको सिकाइमा प्रत्यक्ष प्रभाव पर्न जान्छ ।

बालविकास केन्द्रमा विद्यमान समस्या रहेको सन्दर्भमा यसलाई समाधान गर्ने योजना विद्यालयहरूले बनाउनु पर्दछ । विद्यालयले विभिन्न संघ संस्था, व्यक्ति, समूह, क्लब आदिबाट आर्थिक सहयोग लिई समस्या क्रमश: समाधान गर्ने प्रयास गर्नुपर्दछ । सानो र थोरै प्रयासमा गर्ने काम समेत गर्ने गरेको पाइएन । त्यसैले बालविकास व्यवस्थापन समिति, विद्यालय, प्र.अ., स.का.समेतको संलग्नतामा थोरै र कम लागतमा गर्न सकिने सुधार योजनाबद्ध तरिकाले गर्दै जानु पर्दछ । शिक्षाको जग बसाल्ने पहिलो खुड्किलोको रूपमा रहेको बालकक्षालाई पहिलो प्राथमिकतामा

राख्दै बालमैत्री कक्षाकोठा निर्माण गर्न सबै सरोकारवालाहरू जुट्नु पर्दछ । यस सन्दर्भमा मुढेबास गा.वि.स.का बालकक्षाहरूले बढी मेहनत र प्रयास गर्नु पर्दछ ।

४.२.३. बालविकास कक्षामा सहायक सामग्री वितरण र प्रयोग

बालविकास कक्षामा शिक्षण प्रक्रिया सञ्चालन गर्न २०६२ सालमा प्रकाशित प्रारम्भिक बालशिक्षा दिग्दर्शन नाम गरेको पाठ्यक्रम संयुक्त उ.मा.वि. र मुना प्रा.वि.का बालविकासका सहयोगी कार्यकर्ताहरूलाई उपलब्ध गराउन सकेको छैन । जिल्ला शिक्षा कार्यालयले प्रत्येक वर्ष उपलब्ध गराएको रु.१०००।- बाट वार्षिक रूपमा शैक्षिक सामग्री, सहायक सामग्री र खेल सामग्रीसमेत नियमित रूपमा थप्दै लानुपर्ने अवस्थामा विद्यालयले त्यसतर्फ ध्यान नपुऱ्याएको अवस्था छ । बालकक्षालाई रोचक र प्रभावकारी बनाउन बालकथाहरू, चित्र कथाहरू, आर्ट एण्ड क्राफ्टका सामग्रीहरू समेत बालकक्षाहरूलाई विद्यालयले व्यवस्था गर्न सकेको छैन । विद्यालयका सहयोगी कार्यकर्ताहरूले आफूलाई चाहिने आवश्यक सामग्रीहरू विद्यालयसँग माग्न नसक्नु र विद्यालयले आफै सामग्री जुटाई नदिएका कारण संयुक्त उ.मा.वि. र मुना प्रा.वि. बालविकास केन्द्रलाई बढी मात्रामा सहायक सामग्रीहरूको समस्या देखिएको पाइयो । यसरी विद्यालयमा भएका सामग्रीहरूलाई कक्षाकोठामा प्रयोग गर्ने गरी योजना बनाउन नसक्दा र पाठ्यक्रमको अभावका कारण तालिममा सिकेपनि कक्षाकोठामा सबै क्षेत्र समेटेर सिकाइ क्रियाकलाप संचालन गर्न सकिएको छैन ।

शारदा उ.मा.वि. र जनता नि.मा.वि. बालविकास केन्द्रले विद्यार्थीहरूलाई आवश्यक पेन्सील, कलर, पेपर, कापी, पुस्तक उपलब्ध गराई सिकाइ प्रक्रिया सञ्चालन गरेको छ भने अन्य २ ओटा बालविकासले बालबच्चाहरूलाई पेन्सील, कापी, कलर, पुस्तक वितरण गर्न नसक्दा सिकाइ प्रक्रियामा कठिनाइ हुने गरेको पाइयो । बालकक्षालाई आवश्यक सामग्रीहरू बालबच्चाहरूलाई सहज रूपमा पुग्ने गरी दिनुपर्ने हुन्छ भने शिक्षण प्रक्रियामा सबै क्षेत्र समेटेर शिक्षण गर्नुपर्ने हुन्छ । बच्चाहरूलाई खेलको माध्यमबाट सिकाउनु पर्ने हुँदा विषयगत कुना/क्षेत्र निर्माण गरी खेलका माध्यमबाट सिकाउने सामग्री सबै बालकक्षाहरूमा समस्या रहेको पाइयो ।

बालविकास कक्षामा प्रयोग गरिने सामग्रीहरू शारदा उ.मा.वि. र जनता नि.मा.वि. बालविकास केन्द्रमाभन्दा संयुक्त उ.मा.वि. र मुना प्रा.वि. बालविकास केन्द्रमा कमी भएको छ । त्यसैले यस्ता बालविकास केन्द्रले आवश्यक र अनिवार्य पर्ने सामग्रीहरू तत्काल उपलब्ध गराउने प्रयास गर्नु पर्दछ । पाठ्यक्रम खोजी गरी सहयोगी कार्यकर्ताहरूलाई दिनु पर्दछ । त्यस्तै शिक्षणमा

आवश्यक पर्ने कथा, चित्रकथा, सान्दर्भिक पुस्तक र खेलका सामग्री खरिद गरी विद्यालयहरूले स.का.हरूलाई उपलव्ध गराउनु पर्दछ । सहयोगी कार्यकर्ताहरू आफैंले आवश्यक सामग्री खरिद गर्ने वा विद्यालयसँगै ल्याई माग्ने गर्नु पर्दछ । स.का.हरूले तालिममा सिकेका क्रियाकलाप गराउन चाहिने सामग्री खोजी गर्ने, संकलन गर्ने र त्यसलाई प्रयोग गर्ने गर्नु पर्दछ । त्यस्तै हस्तकला र चित्रकलाका क्रियाकलाप गराउने सामग्री खरिद तत्कालै गर्ने र सोसँग सम्बन्धित क्रियाकलाप गराउँदै पढाउनु पर्दछ ।

४.२.४. बालविकास कक्षामा आर्थिक व्यवस्थापन

बालविकास कक्षा सञ्चालन गर्नका लागि आर्थिक स्रोतको आवश्यकता पर्दछ । प्रत्येक विद्यालयमा सञ्चालन भएका बालविकास केन्द्रलाई समयानुकुल परिवर्तन गर्दै लैजानु आजको आवश्यकता हो । शिक्षाको पहिलो जग वा खुड्किलोको रूपमा रहेको बालकक्षा बच्चाहरूलाई उत्प्रेरित गर्ने र मनोरञ्जनपूर्ण वातावरणमा सञ्चालन गर्नुपर्दछ । यसका लागि भौतिक पूर्वाधार, खानेपानी, शौचालय, सिकाइ सामग्रीहरू, खेल सामग्रीहरू आदिको व्यवस्थापन गर्न आर्थिक स्रोतको आवश्यकता पर्दछ । बालविकास केन्द्र सञ्चालन गर्न जि.शि.का.ले वार्षिक रूपमा रु.१०००।- र प्रति विद्यार्थी रु.१००।- का दरले जम्मा हुन आउने रकम मात्र हाल उपलव्ध गराउँदै आएको छ । यति थोरै रकमबाट बालविकास केन्द्रको भौतिक पूर्वाधारदेखि लिएर विविध समस्या समाधान गर्न हात्तीको मुखमा जिराजस्तै हुन जान्छ । त्यसैगरी बालकक्षा शिक्षण गर्ने सहयोगी कार्यकर्ताहरूको पारिश्रमिक प्रतिमहिना रु.३,०००।- मात्र दिएको अवस्था छ ।

बालविकास केन्द्र सञ्चालन गर्न सबै विद्यालय वा समुदायलाई गाह्रो परिरहेको छ । कक्षाकोठामा फर्निचर, सामग्री, कार्पेट, कुर्सी, टेबल, दराज, ऱ्याक, खानेपानी, चिप्लेटी, पिङ, खेल सामग्रीजस्ता अनेकौं सामग्री व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको छ । त्यसैगरी समयसापेक्ष शिक्षा दिन कम्प्युटर प्रयोग गर्नुपर्ने अवस्था टड्कारो रहेको छ । शिक्षाको जग दह्रो पार्ने बालबच्चाहरूलाई शिक्षण गर्ने सहयोगी कार्यकर्ताहरूको मनोबल बढाउने काम गर्न सरकारले सकेको छैन । यस्तो अवस्थाबाट गुज्रिरहेको बालविकास केन्द्रलाई समयअनुसार परिवर्तन गर्दै लैजानु विद्यालयहरूको दायित्व हो । यस जिम्मेवारी पूरा गर्न सबै बालविकास केन्द्रहरूलाई आर्थिक स्रोतको समस्या रहेको छ । यस समस्या समाधान गर्न बालविकास केन्द्रले ठोस योजना निर्माण गरी अगाडि बढ्नुको विकल्प छैन ।

४.२.५. बालविकास कक्षामा वास्तविक शिक्षण सिकाइ

बालविकास केन्द्रमा रहेका बालविकासहरूलाई शिक्षण गर्न अत्यन्त कठिन वा गाह्रो हुन्छ । बच्चाहरूको मस्तिष्कको पूर्ण विकास नभइसकेका बच्चाहरूलाई ५-१० मिनेटका छोटाछोटा क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । प्रत्येक दिन ४ घण्टासम्म योजनाबद्ध वा पाठ्यक्रमले तोकिदिएका मापदण्डहरुलाई आधार मानी शिक्षण गर्नु पर्दछ । पाठ्यक्रमको मर्म अनुसार शिक्षण गर्न बालकक्षामा बालसामग्रीहरू धेरै चाहिन्छ । हाम्रा बालविकास केन्द्रहरूले बालसामग्रीहरू सङ्कलन, खरिद र निर्माण गर्ने गरेको अवस्था देखिदैन । त्यसैले बालकक्षामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सामग्रीको समस्या रहेको देखिन्छ । बच्चाहरूलाई आर्ट एण्ड क्राफ्टको क्रियाकलाप सञ्चालन गर्न पेन्सील, कटर, कलरपेन, ड्रोइङ्गपेपरका कटिङ्ग गरेका कार्डहरू मासिकरूपमा खर्च हुने सामग्रीहरू हुन् । यस्ता सामग्री नियमित रूपमा विद्यालयले उपलव्ध गराउन नसक्दा शिक्षण प्रक्रियामा समस्या परेको पाइन्छ ।

बालकक्षा शिक्षण गर्ने सहयोगी कार्यकर्ताहरूले शिक्षण प्रक्रिया सम्बन्धमा तालिममार्फत सीप सिकेतापनि कार्यकक्षमा देखाउन सकेका छैनन् । प्लेडोको सामग्री मैदा, नुन, फिटकीरी र विभिन्न कलरहरू रातो, निलो, पहेलो र बेसार आदि मिसाएर पानीमा घोली बनाएको प्लेडो सामग्रीबाट बच्चाहरूले विभिन्न फलफूल, चराचुरुङ्गी, आकृति निर्माण गरी सिक्ने सिकाउने क्रियाकलाप सञ्चालन गर्न विद्यालयमा समस्या  रहेको छ । जसले गर्दा सबै बालकक्षामा आर्ट एण्ड क्राफ्टका क्रियाकलाप सञ्चालन गर्न सहयोगी कार्यकर्ताहरूले सकिरहेको अवस्था छैन ।

बालकक्षालाई मनोरञ्जनपूर्ण वातावरणमा सिकाइ सञ्चालन गर्न बालकथाहरू दैनिक रूपमा सुनाउने क्रियाकलाप सञ्चालन गर्नु पर्दछ । यस्ता कथाहरू सहयोगी कार्यकर्ता आफैले भन्ने गर्नु पर्दछ । यसको तयारी र आवश्यक कथाका किताबहरू सङ्कलन गर्न नसक्दा शिक्षण सिकाइ प्रक्रियामा समस्या देखिएको छ । बालबालिकाहरूलाई विषयवस्तुमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न एउटा शीर्षकबाट भाषा, गणित, सामाजिक, विज्ञान, कला र सिर्जनात्मक विषयहरूलाई समेटेर शिक्षण गर्न विभिन्न विधिबाट शिक्षण गर्नुपर्दछ । यी विषयमा आधारित भई शिक्षण गर्न खेलको माध्यमबाट सजिलो र रमाइलो हुन्छ । बच्चाले खेल्दाखेल्दै रमाइलो वातावरणमा सिकिरहेको हुन्छ । त्यसैले बालकक्षामा खेलका सामग्रीहरू प्रशस्त व्यवस्थापन गरेको हुनुपर्दछ । यस्ता विभिन्न किसिमका टेबल खेल, पजल खेल, खुल्ला खेल, साथीसँग मिलेर खेल्ने खेल जस्ता विभिन्न खेल खेलाउने सीप र सामग्रीको अभाव हुँदा सिकाइमा समस्या रहेको छ । सबै बालकक्षाका सहयोगी कार्यकर्ताहरूसँगै पाठ्यक्रम नहुँदा शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष समस्या रहेको पाइन्छ

। जसले गर्दा स.का.हरू विना योजना र विना तयारी कक्षाकोठाभित्र प्रवेश गरी सिधै अक्षर र अङ्क पढ्न लेख्न गराउने गरेको पाइन्छ । बालकक्षाभित्र ४ घण्टाको समयमा के-के क्रियाकलाप गराउने भनेर कार्ययोजना निर्माण गरी शिक्षण गरेको पाइदैन ।

बालकक्षाकोठामा भित्र खेल्न सकिने खेल र बाहिर खेल्ने खेलहरू खेलाउनु पर्दछ । खेल खेलाउन कक्षाकोठा फराकिलो र ठूलो हुनु पर्दछ । बच्चाहरूलाई खाना खाने खानाकक्ष, आरामकक्ष र खेल तथा सिकाइकक्ष हुनु पर्नेमा यी यस्ता कक्षहरू व्यवस्थापन गर्न सकिरहेको छैन । यसका साथै बच्चाहरूलाई पानी क्षेत्र र वालुवा क्षेत्रमा गरिने क्रियाकलाप सञ्चालन गर्न गराउन अझै पनि थालिएको छैन । यसका अलावा कक्षाकोठाभित्र भित्तेलेखन र डोरी टाँगिएको छैन । त्यसैगरी बालकक्षामा कम्प्युटरको व्यवस्था गर्न नसक्दा शिक्षण प्रक्रियामा समस्या रहेको छ ।

यी माथि उल्लेख गरिएका विविध समस्याका बाबजुद शिक्षण सिकाइ प्रक्रियामा समस्या रहेको पुष्टि हुन जान्छ ।

बालविकास कक्षामा पाठ्यक्रम अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्न विभिन्न सामग्रीदेखि लिएर निर्माण गर्नुपर्ने क्षेत्र नहुँदा शिक्षण कार्यमा बाधा परिरहेको छ । यसतर्फ बालविकास केन्द्र र व्यवस्थापन समिति योजनाबद्ध तरिकाले समस्या समाधान गर्न लाग्नु पर्दछ । जहाँ समस्या त्यहाँ उपाय भने झैं देखिएका समस्या समाधान गर्न स.का., वि.व्य.स., विद्यालय प्र.अ. क्रियाशील भै जुट्नु पर्दछ । आफ्ना बालकक्षामा देखिएका शिक्षण सिकाइसँग सम्बन्धित समस्या केलाई क्रमशः समाधान गर्न बालविकास केन्द्र प्रयत्नशील रहनु पर्दछ । बालविकास केन्द्रमा रहेका शिक्षण सम्बन्धी आवश्यक सामग्रीहरू जस्तै : खेलसामग्री, आर्ट एण्ड क्राफ्टका सामग्रीहरू, कथाका किताबहरू, पाठ्यक्रम, सन्दर्भ सामग्रीहरू र स्थानीय क्षेत्रमा पाइने सामग्री खोजी गर्न बालकक्षा लाग्नु पर्दछ ।

### ४.२.६. बालविकास कक्षामा सम्बन्धित पक्षको सरोकार र चासो

बालविकास केन्द्रलाई व्यवस्थित रूपमा सञ्चालन गर्न विद्यालयहरू लागि परिरहे पनि प्रभावकारी ढङ्गबाट शिक्षण हुन सकेको छैन । विद्यालयहरूको मुख्य ध्यान ठूला कक्षाहरूमा पर्न गएको पाइन्छ । त्यसैले गर्दा विद्यालय तहको सबैभन्दा पहिलो खुड्किलोको रूपमा रहेको बालकक्षाको विकास र व्यवस्थापन पक्ष ओझेल पर्न गएको छ । विद्यालय सञ्चालन गर्ने जिम्मेवारी पाएको विद्यालय व्यवस्थापन समिति, प्र.अ. र शिक्षकहरूले बालकक्षाप्रति ध्यान दिन नसक्दा यसको सुधार हुन सकेको देखिदैन । बालविकास केन्द्र सञ्चालन गर्न बालविकास केन्द्र व्यवस्थापन समिति

गठन गर्ने प्रावधान रहेको छ । तर विद्यालयमा आधारित बालविकास केन्द्रलाई सञ्चालन गर्न एउटा उपसमिति गठन गरी जिम्मेवारी दिनुपर्ने प्रावधान हुँदाहुँदै विद्यालयहरू व्यवस्थापन समितिबाट नै काम चलाइरहेको अवस्था छ । यस्तो अवस्थामा बालविकास केन्द्रप्रति सरोकारवालाहरूले त्यति चासो दिइरहेको पाईदैन । बालबच्चाहरूका अभिभावकहरू पनि समय समयमा विद्यालय आई अनुगमन, निरीक्षण गरी सुझाव दिने नगर्दा बालविकास केन्द्र ओझेलमा परेको देखिन्छ । बालविकास केन्द्रको उचित विकास नहुनुको मुख्य समस्या विद्यालय, प्र.अ., शिक्षक र अभिभावकवर्गले सरोकार राख्ने नगर्दा विकासमा समस्या उत्पन्न भएको पाइयो ।

बालविकास कक्षा सञ्चालन गर्न गठित समिति, उपसमितिको नियमित बैठक सञ्चालन हुन सकेको अवस्था छैन । जसले गर्दा बालविकास कक्षा शिक्षणमा रहेका समस्या समाधान गर्न पहलसमेत नभएको अवस्था छ । त्यसैले बालकक्षालाई व्यवस्थित र योजनाबद्ध तरिकाले सञ्चालन गर्न वि.व्य.स., उपसमिति, प्र.अ., शिक्षक, अभिभावक सबैको ध्यान पुग्नु पर्दछ । समय समयमा बालबच्चाहरूको अभिभावक वा आमाहरूलाई बोलाई बैठक सञ्चालन गर्नुपर्दछ । सहयोगी कार्यकर्ताले विद्यालयमा गरिने कार्यक्रममा बालबच्चाहरूका समस्या र शिक्षण सिकाइका समस्याहरू अभिभावकसमक्ष प्रस्तुत गर्दै पहल गर्न उत्प्रेरित गर्नु पर्दछ । यसरी आफ्ना समस्या सम्बन्धित निकायमा राख्ने गरेमा समाधान गर्न सजिलो पर्दछ ।

## ४.३. बालविकास कक्षा शिक्षण सिकाइ प्रक्रियामा रहेका समस्या समाधानका उपायहरू

बालविकास केन्द्रमा गरिने सिकाइ प्रक्रियाले व्यवहारपरक सिकाइ सिद्धान्तसँग सम्बन्धित रहेको छ । यस सिद्धान्तको आधारमा साना साना बालबच्चाहरूले राम्रा बानीहरू सिक्ने, दैनिक जीवनका कार्यहरू गर्ने बानी बसाल्न बारम्बार कक्षामा पुरस्कृत, प्रशंसा वा पुर्नबल प्रयोग गरिरहनु पर्दछ । कक्षा शिक्षणको क्रममा शिक्षिकाले हरेक क्रियाकलाप लगातार पटकपटक अभ्यास गराउँदै लगेमा मात्र बच्चाहरूको व्यक्तित्व र सिकाइमा सुधार आउने कुरामा जोड दिएको छ । व्यवहारमूलक सिद्धान्तले शिक्षण मेसीन र योजनाबद्ध शिक्षणको आधारमा कक्षा शिक्षणमा प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ । यस सिद्धान्त अनुसार शिक्षण गरेमा विद्यार्थीहरूको उपस्थितिमा वृद्धि, नियमितता, बानी व्यवहार, सिकाइमा सुधार जस्ता पक्षमा सहयोग पुग्न जान्छ । हाम्रा बालकक्षाभित्र सिकाइमा रहेका समस्याहरू समाधान गर्ने विभिन्न तौरतरिका रहेका छन् । जसलाई सम्बन्धित क्षेत्रका सरोकारवालाहरूले पहिलो प्राथमिकता क्रममा राखेर विभिन्न व्यक्ति, संघ

संस्था, क्लब, आमा समूह र गैरसरकारी संस्थाहरूलाई सहयोग माग्दै क्रमिक रूपमा समस्या समाधान गर्न सकिन्छ ।

४.३.१. भौतिक सुविधामा ध्यान दिएर

बालकक्षाको शिक्षण सिकाइ प्रक्रियामा भौतिक पूर्वाधारले महत्वपूर्ण स्थान लिएको पाइन्छ । बालबच्चाहरू घरको मायालु वातावरण छोडेर विभिन्न बानी, सीपहरू सिक्न आउने गर्दछन् । बालबच्चाहरूले विद्यालयमा उनीहरूको इच्छा अनुसार स्वतन्त्रपूर्वक खेल खेल्ने, आराम गर्ने, बस्ने ठाउँको व्यवस्था हुनु पर्दछ । सिकाइलाई प्रभावकारी बनाउन बालमनोविज्ञान अनुसार कक्षाकोठाभित्र समूहमा मिलेर खेल्न, विभिन्न क्रियाकलाप गर्न पुग्ने गरी फराकिलो कक्षाकोठा हुनु पर्दछ ।

बालविकास कक्षाको शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न विद्यमान भौतिक पक्षलाई योजनाबद्ध तरिकाले क्रमिक रूपमा सुधार गर्दै जानुपर्ने हुन्छ । सर्वप्रथम कक्षाकोठाभित्र बालबच्चाहरूलाई सहज रूपमा बस्न कार्पेट, कुसन, गुन्द्री र साना खालका फराकिला २/४ वटा खाट जोडेर राख्ने व्यवस्था मिलाउनु पर्दछ । खाटको साटो गोलो टेबलमा वरिपरि बस्न मिल्ने गरी प्लाष्टिकका कुर्सीहरू पनि व्यवस्थापन गर्न सकिन्छ ।

बालकक्षामा बालबालिकाहरूको पहुँचमा कालोपाटी वा ह्वाइटबोर्डको व्यवस्था मिलाउनु पर्दछ । जसले गर्दा बच्चाहरू सहज रूपमा अगाडि आई स्वतन्त्र लेखन र सिकेका अक्षर, चित्र कोर्ने अभ्यास गर्न पाउँछन् । बालविकास केन्द्रमा बच्चाहरूको पहुँचमा खानेपानीको धारा र कक्षाकोठाभित्र फिल्टर व्यवस्थापन गर्न विद्यालयले सहयोग गर्नु पर्दछ । विद्यालयमा शौचालय निर्माण गर्दा साना बच्चाहरूले ढोका खोल्न र बन्द गर्न सक्ने गरी निर्माण गरी साबुनको समेत व्यवस्था मिलाउनु पर्दछ ।

त्यसैगरी बालकक्षाकोठाभित्र जुत्ता चप्पल, झोला राख्ने र्‍याक, प्रदर्शन पाटी, बोर्डहरू, खेल सामग्रीहरू प्राथमिक उपचार बाकस लगायत आवश्यक सामग्रीहरू विद्यालय व्यवस्थापन समिति वा बालविकास केन्द्र उपसमितिले आर्थिक स्रोतको पहिचान तथा खोजी गरी योजनाबद्ध तरिकाले क्रमशः भौतिक सुविधामा ध्यान पुऱ्याउँदै गएको खण्डमा विद्यमान समस्या समाधान गर्न सकिन्छ । यसरी आर्थिक दायित्व बढी लाग्ने र कम लाग्ने कार्यक्रम छुट्याई व्यक्ति, संघ, संस्था, स्थानीय निकाय, क्लब, आमा समूह आदिको नामबाट काम गर्न विद्यालय सधैं प्रत्यत्नशील रहेमा समस्या समाधान गर्न सकिन्छ । बालविकासको भौतिक पक्षमा रहेका समस्या समाधान गर्न विद्यालय सक्रिय भई विभिन्न संघ संस्था र व्यक्तिहरूको सहयोग लिई अघि बढेमा भौतिक सुधार गर्न सकिन्छ ।

४.३.२. कक्षा शिक्षणमा नया" नया" तरिका अपनाएर

बालविकास केन्द्रका कक्षाहरूमा शिक्षण गर्ने पूरानो परम्परालाई पछि पार्दै नयाँ नयाँ तौर तरिका प्रयोग गरी शिक्षण गर्दा सिकाइ हुन जान्छ । साना बच्चाहरूलाई प्रारम्भिक बालविकास दिग्दर्शन २०६२ (पाठ्यक्रम) लाई अनुसरण गर्दै अगाडि बढ्नु पर्दछ । बालकक्षा शिक्षण गर्ने सहयोगी कार्यकर्ता पेशाप्रति आस्थावान, मिलनसार, मेहनती र मृदुभाषी भएमा पूर्व तयारीसहित के ? कसरी ? शिक्षण गर्ने योजनासहित बालकक्षा आउनु पर्ने हुन्छ । हाल शिक्षण प्रक्रियामा देखिएका विद्यमान समस्या समाधान गर्न सहयोगी कार्यकर्ता र बालविकास केन्द्रले दृढ संलल्पका साथ लाग्नु पर्ने हुन्छ । बालकक्षाको सिकाइ प्रक्रियामा सुधार गर्न तपसिल अनुसारका प्रक्रियालाई बालकक्षाले अनुसरण गर्नु पर्दछ ।

कक्षाकोठाभित्र विद्यार्थीहरूको सहज रूपमा बस्न, खेल्न, आराम गर्न र अन्य क्रियाकलाप गर्न मिल्ने गरी कोठाको व्यवस्था मिलाउनु पर्दछ । शिक्षिकाले कक्षामा शिक्षण गर्ने दैनिक कार्यतालिका निर्माण गरी कक्षाकोठामा प्रदर्शन गर्नु पर्दछ । कक्षामा गरिने क्रियाकलाप १०/१५/२० मिनेट र योजनावद्ध क्रियाकलाप बढीमा १५ देखि ३० मिनेटसम्मका मात्र सञ्चालन गर्नुपर्दछ । कक्षाको सुरुमा गोलो घेरामा बसेर गीत गाउने, अन्तर्क्रिया गर्ने, कथा भन्ने, सामान्य कुराकानी गर्ने जस्ता क्रियाकलाप गराउनु पर्दछ । कक्षामा शिक्षण गर्दा सहयोगी कार्यकर्ताले दैनिक योजना अनुसार छोटाछोटा क्रियाकलाप गराउने र बीचमा ५/७ मिनेट शौचालय जान सिकाउने क्रियाकलाप गराउँदै आफै जान आउन सक्ने बनाउनु पर्दछ ।

बालकक्षामा शिक्षण गर्दा पाठ्यक्रमले तोकिदिएका शीर्षक र उपशीर्षकमा रहेर शिक्षण गर्दा घेरा, समय, कथा, गीत, खेल, शारीरिक व्यायाम, मुख्य क्रियाकलाप, चित्रकला तथा हस्तकलालाई समेटेर शिक्षण गर्ने योजना बनाउनु पर्दछ । यसका साथै शीर्षकलाई आधार मानी शिक्षण गर्दा भाषा, गणित, सामाजिक, विज्ञान तथा वातावरण र कला जस्ता विषयलाई एउटै क्रियाकलापमा समेट्ने गरी विषयवस्तुमा आधारित भई शिक्षण गर्न बिर्सनु हुँदैन । साना बालबच्चाहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षहरूको विकास हुने खालका क्रियाकलाप गराउँदै शिक्षण गरेमा बच्चाहरूको चौतर्फी विकासमा मद्दत पुग्न जान्छ । त्यसैले सहयोगी कार्यकर्ताहरूले बालबालिकाहरुको ४ वटा पक्षहरुको विकास गर्ने खालका क्रियाकलाप दैनिक रूपमा गराउँदै शिक्षण गर्नुपर्दछ ।

भाषा विषय शिक्षण गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई आधार मानी सुरुसुरुमा सुनाइ र बोलाइ पक्षमा जोड दिने खालका क्रियाकलाप गराउनु पर्दछ । बच्चाहरूको शारीरिक विकास राम्रो भैसकेको नहुनाले र अक्षर राम्रोसँग जानी नसकेको हुँदा पढाइ र लेखाइभन्दा सुनाइ र बोलाइ क्रियाकलापमा बढी जोड दिनु पर्दछ । शारीरिक व्यायाम अन्तरगत बालबालिकाहरूलाई हिड्न, दौड्न, उफ्रन जस्ता अभ्यास गराइरहनु पर्दछ । त्यसै गरी बच्चाहरूलाई खेल खेलाउँदा शरीर तताउने, मुख्य खेल र शरीर सेलाउने खेल खेलाउनु पर्दछ । खेलका प्रकारहरू धेरै छन् । त्यसमध्ये विङ्गो खेल, टेबल खेल, खुल्ला खेल, स्वतन्त्र खेल, काल्पनिक खेल, सांकेतिक खेल, सहयोग लिएर खेलिने खेल, गेस गर्ने खेल, छुट्याउने खेल जस्ता विविध खालका खेलहरू आवश्यकता अनुसार खेलाउनु पर्दछ । त्यसैगरी कक्षाकोठा भित्र खेलिने खेल र बाहिर खेल्न मिल्ने खेल छुट्याई खेलाउनु पर्दछ ।

बच्चाहरू खेल्न बढी मन पराउने हुन्छन् । खेलको माध्यमबाट बच्चाहरूले सिक्ने मौका पाउँछन् । विद्यालयले वा स.का.हरूले खेलको माध्यमबाट विषयवस्तु सिकाउनु पर्दछ । त्यसैले स.का.हरू पूर्व तयारी भएर कक्षा शिक्षण गर्न आउनु पर्दछ । बालविकास केन्द्रमा बच्चाहरूले मन पराउने चिप्लेटी, पिङ, चाकाचुली आदिको व्यवस्था कक्षाकोठा बाहिर निर्माण गर्नुपर्दछ । कक्षा शिक्षणको क्रममा कक्षाकोठाभित्र बालबालिकाहरूलाई प्रत्येक दिन कथा सुनाउने वा बच्चाहरूले जानेको कथा भन्न लगाउने क्रियाकलाप गर्नुपर्दछ । बच्चाहरू कथा सुन्न उत्सुक हुन्छन् । त्यसैले कथा भन्ने तरिका प्रयोग गरी प्रत्येक दिन कथा सुनाउँदै जाने र कौतुहल हुने अवस्थामा पुगी प्रश्न सोध्नु पर्दछ । कथा बच्चाहरूलाई मनपर्ने भएको हुँदा सुनाइरहनु पर्दछ । यसका लागि विद्यालयहरूले बालकथा र चित्रकथाका किताब खोजी खोजी संकलन गर्नुपर्दछ र आवश्यकता अनुसार प्रयोग गर्दै जानु पर्दछ ।

बालबच्चाहरूलाई शिक्षण गर्दा समूहमा खेलिने खेल कुना बनाई खेल्ने खेल खेलाउनु पर्दछ । यस्ता कुनाहरूमा भान्साकोठा, डक्टर, पसल, निर्माण, हुलाक, सञ्चार, शिक्षक, प्रहरी चौकी जस्ता कुना निर्माण गरी उक्त कुनामा गरिने क्रियाकलाप गर्न लगाई पालैपालो खेल खेलाउन सकिन्छ । यसैगरी बालकक्षा बाहिर गरिने क्रियाकलापमा बालुवा क्षेत्र, पानी क्षेत्र जस्ता ठाउँ बनाइ क्रियाकलाप गराउँदै सिकाउनु पर्दछ । यसरी वालुवामा विभिन्न आकृति निर्माण गर्ने, वस्तु लुकाउँदै खोज्दै गर्ने र पानीमा वस्तु उत्रने, डुब्ने जस्ता चिज छुट्याउन सक्ने भएको हुँदा यस्ता क्रियाकलाप गराउनु पर्दछ ।

बालकक्षामा शिक्षण गर्ने अर्को तरिकामा चित्रकला तथा हस्तकला पर्दछ । विभिन्न किसिमका रंगहरू, कलरहरू प्रयोग गरी स्वतन्त्रपूर्वक विभिन्न किसिमका फलफूल, पुतली, चरा, जनावर आदि बनाउने क्रियाकलाप गराउनु पर्दछ । यसबाट बच्चाहरूको बौद्धिक विकासमा मद्दत पुग्न जान्छ । यसरी माथि वर्णन गरिए अनुसारका तौरतरिका अपनाई शिक्षण गर्न गराउन सकेमा सिकाइ प्रभावकारी र बच्चाहरूले सहजै वातावरणमा विना त्रास, रमाइलो र मनोरञ्जनपूर्ण तरिकाले सिक्न सक्छन् । स.का.हरूले बालबालिकालाई सिकाउने यस्ता नयाँ नयाँ विधि र प्रक्रिया अपनाएमा बच्चाहरू नियमित उपस्थित हुन्छन् । शिक्षणको नयाँ प्रविधि अपनाउन विद्यालय अग्रसर हुनु पर्दछ । कम्प्युटर प्रयोग गरी शिक्षण सिकाइ प्रक्रिया अपनाउनु अझ राम्रो हुन्छ ।

४.३.३. अभिभावकहरूलाई सचेत गराएर

बालविकास केन्द्रका विद्यार्थीहरूलाई बालमैत्री वातावरणमा शिक्षण क्रियाकलाप सञ्चालन बारे धेरैलाई ज्ञान नहुन सक्छ । खासगरी परम्परागत रूपमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको मन पराउने अभिभावकहरूलाई बालमैत्री शिक्षण सिकाइ क्रियाकलापमा बालबालिकाहरूलाई शिक्षण गर्ने तरिकाबारे समय समयमा बालविकास केन्द्रले अभिभावक भेला, बैठक, अन्तर्क्रिया, सचेतना गोष्ठी लगायतका कार्यक्रम गरी जानकारी गराउनु पर्दछ । बालकक्षाको शिक्षण प्रक्रियाबारे विद्यालयको वार्षिक उत्सव तथा विद्यालयमा गरिने कार्यक्रममा प्रष्ट पार्ने काम गरिएमा बालबालिकाहरूलाई नियमित विद्यालय पठाउने, आवश्यक सामग्री उपलब्ध गराउने, सफा सुग्घर बनाएर पठाउने, खाजासहित पठाउने जस्ता कुरामा सुधार हुन जान्छ ।

बालबच्चाहरूका अभिभावकहरूलाई बालकेन्द्रमा राखेर शिक्षण प्रक्रियाका बारेमा वा बालकेन्द्रमा गरिने कामको बारेमा जानकारी गरिरहेको खण्डमा बालकेन्द्रको महत्वबारे अभिभावकवर्गहरू सचेत हुँदै जानेछन् । बालविकास केन्द्रले बालबालिकाको प्रगति विवरण वा सुधार गर्नुपर्ने पक्षमा जानकारी दिन बच्चाहरूका अभिभावकहरूलाई केन्द्रमा बोलाई बच्चाहरूको जानकारी दिने गर्नु पर्दछ । त्यसैगरी बालकेन्द्रमा गरिने शिक्षण प्रक्रियाबारे जानकारी गराउन बिर्सनु हुँदैन । अभिभावकहरुले बालकक्षामा गरिने क्रियाकलाप जस्तैः बालगीत, खेलहरू, आराम गरेको जस्ता क्रियाकलाप भएको मन नपराउने गरेको पाइएको छ । त्यसैले यस्ता क्रियाकलापको महत्व र सिकाइको बारेमा प्रष्ट हुने गरी बालकक्षाका अभिभावकहरूलाई सचेतीकरण कार्यक्रम मार्फत जानकारी गराउँदै जानु पर्दछ ।

४.३.४. अनुगमन सुपरिवेक्षण गरेर

बालविकास केन्द्रमा गरिने शिक्षण प्रक्रियाको बारेमा अनुगमन सुपरिवेक्षणलाई निरन्तरता दिदै जानु पर्दछ । वास्तवमा विद्यालयहरूमा गरिने शिक्षण प्रक्रियाबारेमा अनुगमन अत्यन्त कम भएको पान्इछ । जिम्मेवारी पाएका वा तोकिएका व्यक्तिहरूबाट समय समयमा बालकेन्द्रको अनुगमन निरीक्षण गरी सुधारका लागि सुझावहरू दिन सकिन्छ । यसरी अनुगमन कार्यलाई निरन्तरता दिएमा बालकेन्द्रको अवस्था सुधार गर्न प्रशासन पक्ष वाध्य हुन्छ । बालविकास केन्द्रमा गरिने अनुगमन प्रक्रियाबारे प्रष्ट पार्ने प्रयास यहाँ तल गरिएको छ ।

बालविकास केन्द्र व्यवस्थापन समितिले केन्द्र नियमित सञ्चालनको अनुगमन र निरीक्षण गर्नुपर्दछ । त्यसैगरी मातृ विद्यालय वा विद्यालयका प्र.अ.बाट कक्षा अवलोकन र केन्द्र अवलोकन गरी आवश्यक सुधार र सुझाव सहयोगी कार्यकर्ताहरूलाई दिइरहनु पर्दछ र सो को समय समयमा मूल्याङ्कन गर्दै जानु पर्छ । विद्यालय रहेको स्रोतकेन्द्रबाट आफ्ना सेवाक्षेत्र भित्रका बालकक्षाहरूको नियमित अनुगमन, सुपरिवेक्षण गर्ने कार्यलाई जोड दिनु पर्दछ । स्रोतकेन्द्रले ३/३ महिनामा स.का.हरूलाई भेला पारी बालकेन्द्रको अवस्था, शिक्षण प्रक्रिया र अन्य पक्षको सुधार गर्ने गरी बैठक सञ्चालन गर्दै जानु पर्दछ । त्यसैगरी बालकक्षाका व्यवस्थापन समिति र आबद्धता लिएका विद्यालयका प्र.अ.हरूलाई बालकेन्द्रमा भौतिक सुधार, शिक्षण प्रक्रिया सुधार गर्ने सन्दर्भमा सुझाव र सल्लाह दिन बैठक बोलाइ जानकारी गराउनु पर्दछ । बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिने स्थानीय निकायबाट पनि बालविकास केन्द्रको वर्तमान अवस्था र शिक्षण प्रक्रियाबारे अनुगमन निरीक्षण गरी सुधार गर्न आवश्यक बजेट समेत दिने गर्नुपर्दछ ।

बालविकास केन्द्रको जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग र शिक्षा मन्त्रालय समेतले सामान्य निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था गरिएको छ । तर जिल्ला शिक्षा कार्यालयले यातायात पुगेको ठाउँमा मात्र निरीक्षण गर्ने गरेको छ । त्यसैले जि.शि.का.ले सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षकलाई खटाएर बालकक्षाको अनुगमन गर्न लगाउनु पर्दछ ।

बालकक्षाको शिक्षण प्रक्रियाबारेमा सम्बन्धित बालबालिकाका अभिभावक, स्थानीय बुद्धिजीवी, राजनैतिक दलका प्रतिनिधि, आमा समूह आदिले निरीक्षण नियमित रूपमा गर्दै बालकेन्द्र सञ्चालन गर्ने निकायले सुझाव दिइरहेमा क्रमशः बाल कक्षा सुधार हुँदै जान सक्छ । त्यसैले जिम्मेवारी पाएका सम्बन्धित पक्षले नियमित रूपमा अनुगमन र सुपरिवेक्षण प्रक्रियालाई निरन्तरता दिएर बालकक्षाको समस्या समाधान गर्न सकिन्छ ।

४.३.५. शैक्षिक सामग्रीहरूको व्यवस्था गरेर

बालविकास कक्षाको शिक्षण सिकाइ प्रक्रियामा रहेका समस्या समाधान गर्ने उपायहरू मध्ये शिक्षणको क्रममा धेरैभन्दा धेरै ठोस, अर्धठोस र सांकेतिक शैक्षिक सामग्री प्रयोग गर्नु पर्दछ । शिक्षणको पुरातन सोचलाई परिवर्तन गर्दै समयसापेक्ष आधुनिक प्रविधि र टेक्नोलोजीलाई प्रयोग गर्ने क्रममा सधैं अग्रसर रहनु पर्दछ । अध्ययनमा रहेका बालविकास केन्द्रहरू फरक फरक ढङ्गबाट सञ्चालनमा रहेको पाइयो । विद्यालयमा विद्यमान सामग्रीलाई सही तरिकाले प्रयोग गरी शिक्षण गर्ने र भएका सामग्रीलाई योजनाबद्ध शिक्षणमा प्रयोग गर्ने नगरेका समेत पाइयो । त्यसैले शिक्षणलाई प्रभावकारी वा सिकाइ उपलब्धि हासिल गर्ने गरी शिक्षण गर्न स.का.हरू प्रत्यत्नशील रहनु पर्दछ । बालकक्षाका बच्चाहरूलाई शिक्षण गर्दा बालसामग्री, बालकथा, चित्रकथा, चार्टहरू, तालिका, प्लाष्टिकका फलफूल तथा जनावरका चित्रहरू, कलर, खेलका सामग्रीहरू र स्थानीय सामग्रीहरू समेत प्रयोग गर्दै शिक्षण गर्ने बानी बसाल्नु पर्दछ ।

त्यसैगरी कार्यान्वयन भए नभएको मूल्याङ्कन वि.व्य.स., उपसमिति, प्र.अ.साथै स्रोतव्यक्ति समेतले बेलाबेलामा कक्षा अवलोकन गरी पृष्ठपोषण दिनु पर्दछ । स.का.ले आफूलाई आवश्यक पर्ने शैक्षिक सामग्री खोजी गर्ने परिपाटी बसाल्नु पर्दछ । शिक्षण योजना बनाई सो अनुसार तयारी भई कक्षाभित्र प्रवेश गर्ने बानी बसालेमा सानासाना बच्चाहरूलाई खेल, गीत, कथाका माध्यमबाट रमाइलो र मनोरञ्जनपूर्ण वातावरणमा शिक्षण गर्न सकिन्छ । त्यसैले शैक्षिक सामग्री सङ्कलन, खरिद, निर्माण गर्न स.का.हरू क्रियाशील हुँदै जानु पर्दछ । यसरी बढीभन्दा बढी शैक्षिक सामग्री र सन्दर्भ सामग्री प्रयोग गर्दै शिक्षण गरेमा सिकाइलाई अर्थपूर्ण र व्यवहारिक बनाउन सकिन्छ ।

४.३.६. बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप गरेर

बालविकास कक्षामा गरिने शिक्षण बालमैत्री शिक्षण क्रियाकलापमा सञ्चालन गर्नु पर्दछ । बालबालिकाको रुचि, इच्छा र चाहना अनुसारका क्रियाकलाप सञ्चालन गर्न सके बच्चाहरूले सहज, रमाइलो र भयरहित वातावरणमा सिक्न सक्दछ । बालकक्षाका स.का.हरूले सिकाइ सामग्रीहरू सङ्कलन, खरिद र निर्माण गर्दै रमाइलो वातावरणमा सानो सानो समूहमा क्रियाकलाप सञ्चालन गर्नु पर्दछ । बालमैत्री वातावरणमा कक्षा सञ्चालन गर्न सके कक्षा रोचक र सिकाइ मैत्री हुन सक्छ । यसका लागि स.का.हरूले योजना अनुसार बालकको इच्छा, चाहना अनुसार रमाइला र खेलका क्रियाकलाप सामूहिक रूपमा सञ्चालन गरे सिकाइ प्रक्रियामा सुधार हुन सक्छ । यसका

लागि बाल विकास केन्द्रले आवश्यक सामग्री, खेल सामग्री, सन्दर्भ सामग्री र स्थानीय स्तरमा पाइने सामग्री सङ्कलन र खरिद गरी कक्षाकोठा सामग्रीमय बनाउनु पर्दछ ।

यसरी बालविकास केन्द्रमा रहेको विद्यमान सिकाइ प्रक्रियालाई बालमैत्री क्रियाकलापमा परिवर्तन गर्न सके सिकाइ प्रक्रियामा सुधार गर्न सकिन्छ । बालविकास केन्द्रका बालबालिकाहरूले सामूहिक रूपमा समूह समूहमा मिलेर खेल्ने, गीत गाउने, नाच्ने, हस्तकला, चित्रकला जस्ता क्रियाकलाप सञ्चालन गर्न सके बच्चाहरूले रमाइलो ढङ्गमा स्वतःस्फूर्त सिक्न सक्दछन् ।

# परिच्छेद पा“च : प्राप्ति, निष्कर्ष र सुझावहरू

“बालविकास केन्द्रमा पाठ्यक्रमको कार्यान्वयन अवस्था” शीर्षकमा गरिएको अध्ययन, अवलोकन, खोज अनुसन्धान, अन्तरक्रिया, छलफल, प्रश्नोत्तर आदिबाट प्राप्त सत्य, तथ्य तथ्याङ्कको व्याख्या विश्लेषण गर्दा निस्किएको निष्कर्ष तथा सुझावहरूलाई क्रमशः प्रस्तुत गरिएको छ :

## ५.१. प्राप्ति तथा निष्कर्ष

अध्ययनको क्रममा कक्षा अवलोकन, प्रश्नोत्तर, छलफल, अन्तरक्रियाबाट प्राप्त सूचना तथा तथ्याङ्कको व्याख्या विश्लेषण गर्दा शिक्षित अभिभावक, समुदायमा भएका बालविकास कक्षाहरू बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न र समयसापेक्ष सुधार तथा परिवर्तन गर्दै बालकक्षालाई व्यवस्थित गर्न लागि परेका छन् । समुदाय र अभिभावकहरू शिक्षित नभएका वा एकल जाती बसोबास भएको क्षेत्रका बालविकास कक्षाहरू बालमैत्री वातावरणमा कक्षा सञ्चालन गर्न सकेका छैनन् । बालविकास केन्द्रका सबै स.का., वि.व्य.स., प्र.अ., अभिभावकहरू बीच सघन छलफल, अन्तरक्रिया गरेर शिक्षण प्रक्रियामा सुधार गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरी सिकाइ प्रक्रियामा समयसापेक्ष सुधार गर्न सकिन्छ । बालकक्षामा बसाइ व्यवस्थापन, सामग्री राख्ने र्‍याक, खानेपानीको फिल्टर, फोहोर राख्ने डस्बीन, भित्तेलेखन, कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्था, खेलसामग्रीहरूको सङ्कलन, बाहिरी खेलको प्रबन्ध, बालुवा

क्षेत्र, पानी क्षेत्र, सिकाइ कुना र हस्तकला तथा चित्रकलाका सामग्रीहरू जस्ता सामग्रीहरूको प्रबन्ध गर्न समन्वयात्मक ढङ्गले सबै पक्षको सहयोगमा व्यवस्थापन गर्न सके मात्र यथार्थमा बालकक्षाको कक्षा शिक्षण प्रक्रिया प्रभावकारी हुन सक्दछ ।

बालविकास केन्द्रका बालबालिकाहरूका लागि उमेर अनुसारका खानेपानी धारा, चर्पी, बस्ने कुर्सी, टेबल, कार्पेट, कुसन, जुत्ता, चप्पल राख्ने र्‍याक, झोला राख्ने र्‍याक, श्वेतपाटी, कालोपाटी जस्ता आवश्यक सामग्रीहरू हुनु पर्दछ । यी यस्ता सामग्री जुटाउनका लागि वि.व्य.स., प्र.अ., स.का., बालकेन्द्र आदिको सामूहिक प्रयास र प्रयत्नबाट स्थानीय निकाय, क्लबहरू, जिल्ला शिक्षा कार्यालय, गैर सरकारी संघ संस्था र स्थानीय बुद्धिजीवी, समाजसेवी र दाता आदिसँग समन्वय गरी सहयोग लिनु पर्ने देखिन्छ । स.का., वि.व्य.स.र प्र.अ.लाई बालविकास केन्द्रमा शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने सीप विकास तथा क्षमता विकास गर्न स्रोतकेन्द्रका स्रोतव्यक्ति र जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षकसँग प्राविधिक सहयोग लिन सान्दर्भिक देखिन्छ । बालकक्षा शिक्षण प्रक्रियामा देखिएका समस्या समाधान गर्नका लागि स्रोतव्यक्ति र वि.नि.को प्राविधिक सहयोगमा सहयोगी कार्यकर्ताहरूलाई तालिम सञ्चालन गर्नु पर्दछ ।

बालकक्षा सञ्चालन गर्ने वि.व्य.स.र प्र.अ.हरूलाई समय समयमा बालकक्षा शिक्षण प्रक्रिया र व्यवस्थापन पक्षबारे सचेत गराउन प्रबोधिकरण कार्यक्रम सञ्चालन गर्नु उपयोगी देखिन्छ । प्र.अ., स्रोतव्यक्ति र वि.नि.ले मासिक रूपमा बालकक्षाको कक्षा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी अवलोकन, निरीक्षण र अनुगमन गर्ने परिपाटीलाई अझ सशक्त बनाउनु पर्ने देखिन्छ । त्यसैगरी विद्यालयका प्र.अ., शिक्षकहरूले पनि बालकक्षाको कक्षा अवलोकन गरी सुधार गर्न राय सुझाव दिनु उपयोगी देखिन्छ । प्र.अ.ले विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको सहयोग लिई बालकक्षालाई व्यवस्थित रूपमा सञ्चालन र सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन प्रयत्न गरेमा प्रभावकारी सिकाइ गर्न सकिन्छ । यसरी सबै पक्षको सहयोग, परामर्श र प्रयत्न गर्दै अगाडि बढ्न सके मात्र पाठ्यक्रमले तय गरेका सिकाइ उपलब्धि पूरा गर्न सकिन्छ ।

## ५.२. सुझावहरू

बालविकास कक्षामा पाठ्यक्रम कार्यान्वयनको अवस्था शीर्षकमा गरिएको शोध अध्ययनको क्रममा सम्बन्धित क्षेत्रमा पुगी सरोकारवालाहरूसँग गरिएका अर्न्तक्रिया, छलफल, अन्तरवार्ता, लक्षित समूह छलफल गर्दा आएका विचार, प्रतिक्रिया र सूचना बालविकास केन्द्रबाट प्राप्त तथ्य

तथ्याङ्कको आधारमा अध्ययन गर्दा देखिएका वा सुधार गर्नुपर्ने कुराहरूलाई सुझावहरूका रूपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

५.२.१. नीतिगत तह

बालविकास कक्षामा पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धमा गरिएको अध्ययनको आधारमा शिक्षा मन्त्रालयले बालकक्षाको सिकाइ प्रक्रियालाई समय सापेक्ष परिवर्तन गर्न, बालकक्षाको भौतिक पूर्वाधारको सुधार गर्न बसाइ व्यवस्थापनमा सुधार गर्न, शैक्षिक सामग्री जुटाउन र खेल सामग्रीको व्यवस्था गर्न जस्ता विद्यमान समस्या समाधान गर्ने नीति निर्माण गर्नु जरुरी छ ।

बालकक्षा शिक्षण गर्ने सहयोगी कार्यकर्ताहरूको योग्यता कम्तीमा एस.एल.सी.पास र उनीहरूको दरबन्दीलाई स्वीकृत गरी तोकिएको पारिश्रमिक दिने व्यवस्था गरी सहयोगी कार्यकर्ताहरूको मनोबल उकास्ने नीति शिक्षा मन्त्रालयले अबलम्बन गर्नु पर्दछ ।

शिक्षा विभागले बालविकास केन्द्रलाई सबै विद्यालयमा स्थापना गर्ने नीति अबलम्बन गर्ने गर्नु पर्दछ । बालविकास कक्षामा शिक्षण गर्ने पाठ्यक्रम हालसम्म पनि सबै केन्द्रमा पुग्न नसकेको हुँदा निःशुल्क वा स-शुल्क सर्वसुलभ प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने व्यवस्था गर्नुपर्दछ । बालकक्षा शिक्षण गर्न आवश्यक सामग्री वा सन्दर्भ सामग्री प्रकाशन गरी सबै निकायमा पुग्ने व्यवस्था मिलाउनु पर्दछ । बालकक्षा शिक्षण गर्ने सीप सम्बन्धी तालिम दिने नीति अबलम्बन गर्नु पर्दछ ।

बालविकास कार्यक्रम सञ्चालन गर्ने संघ संस्थाहरूको सञ्जाल तयार गरी सो मार्फत कार्यक्रम सञ्चालनका विभिन्न ढाँचाहरू तय गर्ने नीति अपनाउनु पर्दछ । नेपाल अधिराज्यभर सञ्चालन भएका प्रारम्भिक बालविकास केन्द्रको रेखदेख, निरीक्षण, निर्देशन र मूल्याङ्कन गर्ने नीति निर्माण गर्नु पर्दछ । बालविकास केन्द्रका साना बालबच्चाहरूलाई कम्प्युटरको माध्यमबाट शिक्षा दिने नीति शिक्षा विभागले तय गर्नु पर्दछ ।

क्षेत्रीय शिक्षा निर्देशनालयले आफ्नो क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक विद्यालयको निरीक्षण, अनुगमन र रेखदेख गर्नुका साथै बालविकास केन्द्र वा सहयोगी कार्यकर्ताहरूलाई राम्रो काम गरेमा पुरस्कृत गर्ने नीति तर्जुमा गर्नु पर्दछ ।

जिल्ला शिक्षा कार्यालयले बालकक्षा शिक्षण गर्ने सहयोगी कार्यकर्ताहरूलाई शिक्षण प्रक्रिया सम्बन्धमा तालिम तथा प्रवोधिकरण गोष्ठी सञ्चालन गर्ने नीति तर्जमा गर्नु पर्दछ । आफ्नो क्षेत्रभित्र सञ्चालित बालविकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको निरीक्षण, अनुगमन र रेखदेख गरी सुझाव तथा सल्लाह दिदै जाने गर्नु पर्दछ । बालविकास केन्द्र सञ्चालन गर्न आवश्यक प्राविधिक तथा भौतिक पूर्वाधार सुधार गर्न प्राथमिकताको आधारमा सहयोग गर्दै जाने नीति अबलम्बन गर्नु पर्दछ । जिल्लामा उत्कृष्ट बालविकास केन्द्रलाई पुरस्कृत गर्ने कार्यक्रम तय गर्नु पर्दछ ।

स्रोतकेन्द्रले आफ्नो क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास केन्द्रको कम्तीमा महिनाको ५ वटा कक्षाको निरीक्षण, अनुगमन र कक्षा अवलोकन गरी आवश्यक सुझाव दिने कार्यक्रम तय गर्नुपर्दछ । बालविकास केन्द्रका भौतिक पक्ष, व्यवस्थापन पक्ष र शिक्षण सिकाइ प्रक्रियामा आवश्यक सहयोग दिदै सुधार गर्न सधै सल्लाह दिनु पर्दछ । बालविकास केन्द्रको कक्षा शिक्षण प्रक्रियामा सहयोग पुऱ्याउन २/२ महिनामा सहयोगी कार्यकर्ताहरूको बैठक बोलाइ आवश्यक परामर्श दिने कार्यक्रम तय गर्नु पर्दछ । बालविकास केन्द्र सञ्चालन तथा सिकाइ आदानप्रदान कार्यक्रम तय गरी २/३ दिने तालिम तथा प्रबोधिकरण कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

बालविकास केन्द्रलाई समय सापेक्ष परिवर्तन गर्दै नमूना योग्य बालविकास केन्द्र निर्माण गर्न सफल बालविकास केन्द्रलाई स्रोतकेन्द्रका तर्फबाट पुरस्कृत गर्ने कार्यक्रम तय गर्नुपर्दछ । स्रोतकेन्द्रमा रहेका नमूना तथा राम्रा बालविकास केन्द्रको अन्तरभ्रमण गर्ने कार्यक्रम राख्नु पर्दछ ।

### ५.२.२. कार्यान्वयन तह

बालविकास कक्षामा पाठ्यक्रमको कार्यान्वयन गर्ने क्रममा कक्षा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि भौतिक पूर्वाधार तयार गर्ने, सन्दर्भ सामग्री प्रकाशन गरी वितरण गर्ने, खेलका सामग्री वितरण गर्ने, सहयोगी कार्यकर्ताहरूलाई तालिम दिने, सिकाइ कुना निर्माण गर्ने, कम्प्युटर वितरण गर्ने जस्ता नीति तर्जुमा हुनु महत्वपूर्ण कार्य हो । तर त्यो भन्दा महत्वपूर्ण कार्य भनेको बनेको नीतिलाई कार्यान्वयनस्थलमा प्रभावकारी रूपले सफलतापूर्वक कार्यान्वयन गर्नु हो ।

प्रत्येक बालविकास केन्द्रलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक शैक्षिक सामग्री, सन्दर्भ सामग्री, पाठ्यक्रम, पाठ्यपुस्तक तथा बसाइ व्यवस्थापनका सामग्री बन्दोबस्त गर्न जिल्ला शिक्षा कार्यालयले प्राथमिकताको आधारमा अनुदान कोटा वितरण गर्ने कार्ययोजना अनुसार अनुदान उपलव्ध गराउँदै जानु पर्दछ । यसरी प्राप्त रकमबाट बालविकास केन्द्रले एउटा खरिद

समिति व्यवस्थापन समितिबाट गठन गरी सामग्री खरिद गर्ने गर्नु पर्दछ । यसरी खरिद गरिएको सामग्री तोकिएको मापदण्ड अनुसार भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्दछ ।

जिल्ला शिक्षा कार्यालयले सबै स्रोतव्यक्ति र सहयोगी कार्यकर्ताहरूलाई बालशिक्षण सिकाइ प्रक्रियाबारे जिल्लामा तालिम सञ्चालन गर्नु पर्दछ । त्यसैगरी स्रोतव्यक्तिले बालविकास केन्द्र सञ्चालन सम्बन्धी तालिम प्र.अ.र वि.व्य.स.अध्यक्षलाई स्रोतकेन्द्रमा तालिम दिनु पर्दछ । यसरी सञ्चालन भएको तालिमको विद्यालय निरीक्षकले अनुगमन निरीक्षण साथै मूल्याङ्कन गरी आवश्यक सहयोगसमेत गर्नु पर्दछ । यसरी तालिम सञ्चालन पश्चात शिक्षण सिकाइ प्रक्रिया र बालविकास केन्द्र सञ्चालन प्रक्रिया सम्बन्धमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति र जिल्ला शिक्षा कार्यालयले नियमित रूपमा निरीक्षण अनुगमन गर्ने गर्नु पर्दछ ।

स्रोतकेन्द्रले सहयोगी कार्यकर्ताहरूलाई स्रोतकेन्द्रभित्रकै नमुना योग्य र राम्रा बालविकास केन्द्रमा अन्तरबालविकास केन्द्र भ्रमण गराउनु पर्दछ ।

बालविकास केन्द्र र शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धमा नीतिगत तहमा बनेका कार्यक्रमहरू कार्यान्वयनको अवस्थामा पुग्दा सफल भए नभएको मूल्याङ्कन गर्नु पर्दछ । पाठ्यक्रमले निर्दिष्ट गरेका कुराहरू बालविकास केन्द्रभित्र अनिवार्य रूपले भाषा क्षेत्र, सिर्जनात्मक क्षेत्र, क्रियाकलाप क्षेत्र, आराम क्षेत्र, खाजा क्षेत्र, पुस्तकालय क्षेत्र, उद्यान क्षेत्र, खेल क्षेत्र छुट्याउनु पर्दछ । बालविकास केन्द्रमा श्रव्य, दृश्य, श्रव्य-दृश्य, मुद्रित सबै किसिमका सामग्रीहरू राख्नु पर्दछ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक खेल सामग्रीहरू स्थायी रूपमा कक्षाकोठा बाहिर र आवश्यकता अनुसार कक्षाकोठाभित्र खेलिने खेल सामग्री सङ्कलन र खरिद गरी कार्यान्वयन गर्नु पर्दछ ।

पाठ्यक्रमले तोके बमोजिम दैनिक चारघण्टा शिक्षण गर्ने योजना तयार पारी दैनिक शिक्षण कार्यतालिका प्रदर्शन गरी सो अनुसार तयारी भई शिक्षण गर्ने व्यवस्था मिलाउनु पर्दछ । कक्षाकोठाभित्र आवश्यक र अनिवार्य सामग्रीहरू जस्तै : दराज, फिल्टर, डस्बिन, डोरी, किला, कुर्सी, टेबल र सामग्री राख्ने डाली आदिको व्यवस्था गरी विविध सामग्रीहरू सजाएर बालबालिकाहरूलाई देखाउनु पर्दछ र सजाउन लगाउनु पर्दछ । त्यसैगरी बालबालिकाहरूले निर्माण गरेका सामग्रीहरू डोरी टाँगी प्रदर्शन गर्ने व्यवस्था मिलाउनु पर्दछ । बालबालिकाहरूको कक्षाकोठाभित्र सबै ठाउँमा पुग्ने गरी बाक्लो खालको कार्पेट र कुसनको व्यवस्था गर्नु पर्दछ ।

बालविकास केन्द्रका लागि जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराएको रकमबाट केन्द्र वा सहयोगी कार्याकर्ताले कम मूल्य पर्ने र आवश्यक सामग्रीहरू बर्षेनी खरिद र निर्माण गर्दै कक्षाकोठा

आकर्षक र सामग्रीले भरिपूर्ण बनाउनु पर्दछ । विद्यालयमा आधारित बालविकास केन्द्रले विद्यालयको सहयोगमा जिल्ला शिक्षा कार्यालयबाट शौचालय मर्मत सुधार जस्ता कोटा प्राप्त गरी बालबच्चाहरूको पहुँच र सहज हुने गरी निर्माण गर्नु पर्दछ । बालविकास केन्द्रले आफ्नो प्रयासमा दाताहरू खोजी गरी बालकक्षा व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक सामग्रीहरू जुटाउने विभिन्न किसिमका अभियान सञ्चालन गर्नु पर्दछ । यसरी बालविकास केन्द्रको व्यवस्थापन समिति र शिक्षण सिकाइ प्रक्रियामा संलग्न व्यक्तिहरूको सामूहिक प्रयास गर्दै विद्यमान समस्या समाधान गर्दै गएमा राम्रो र नमुनायोग्य बालविकास केन्द्र निर्माण गर्न सकिन्छ ।

५.२.३. अनुसन्धान तह

प्रारम्भिक बालशिक्षा विद्यालय तहको पहिलो खुड्किला हो । तर यति हुँदाहुँदै पनि यसलाई प्रभावकारी र व्यवस्थित रूपमा अगाडि बढाउन सकिएको छैन । बालविकास कक्षाको सिकाइप्रति वि.व्य.स., अभिभावकहरू र विद्यालय आफै जिम्मेवारी बोध गर्दै अघि बढ्न सकेका छैनन् । विद्यालयका प्र.अ.र बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरू समर्पित भएर लाग्न सकेका छैनन् । यी उल्लेखित विषयहरूमा के समस्या रहेका छन् भनी अनुसन्धान हुनु जरुरी छ । बालविकास कक्षाको व्यवस्थापन र सिकाइ प्रक्रियामा व्यवस्थापन समिति र अभिभावकहरूलाई सकारात्मक बनाउन के गर्नु पर्दछ ? सिकाइ प्रक्रियामा सुधार गर्न के गर्नु पर्दछ ? सहयोगी कार्यकर्तालाई अझ बढी समर्पित कसरी बनाउन सकिन्छ ? बालकक्षामा आवश्यक पर्ने सिकाइ सामग्री कसरी जुटाउन सकिन्छ ? बालकक्षाका लागि आवश्यक सामग्री सङ्कलन, खरिद र निर्माण गर्ने वातावरण कसरी सहज बनाउन सकिन्छ ? आदिका बारेमा अध्ययन अनुसन्धान गरी तथ्यका नजीक पुग्न प्रयास गर्नु पर्दछ ।

यस्ता विषयमा हुने अध्ययन अनुसन्धानमा सम्बन्धित निकायले प्रोत्साहन गर्नु पर्दछ । बालविकास केन्द्रको सुधार र सिकाइ प्रक्रियामा भएका अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्ष र सुझावहरूलाई सम्बन्धित निकायले अनुसरण गरी मार्गदर्शनको रूपमा ग्रहण गर्ने संस्कारको प्रारम्भ गर्नु पर्दछ ।

जिल्ला शिक्षा कार्यालयले नियमित रूपमा बालविकास कक्षामा शिक्षण सिकाइ प्रक्रियामा रहेका समस्या र चुनौति एवम् ती समस्या र चुनौतीहरूलाई के कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा जिल्लागत र स्रोतकेन्द्रगत कार्यमूलक अनुसन्धान गर्नु पर्दछ ।

विद्यालयहरूले बालविकास कक्षालाई के कसरी व्यवस्थित गर्न सकिन्छ, शिक्षण सिकाइ क्रियाकलापलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा अनुसन्धान केन्द्रित गर्नु पर्दछ । विद्यालयका प्र.अ.र सहयोगी कार्यकर्ता स्वयम्ले बालकक्षालाई व्यवस्थित र सिकाइलाई प्रभावकारी के कसरी बनाउन सकिन्छ भन्ने विषयमा अनुसन्धान गर्नु पर्दछ । बालकक्षाकोठा र यसको सिकाइ प्रक्रियालाई समय सापेक्ष परिवर्तन गर्न नसकेको सन्दर्भमा यससँगै सम्बन्धित सरोकारवालाहरूले सानासाना विषयमा केन्द्रित रहेर अनुसन्धान वा कार्यमूलक अनुसन्धान गर्दै सुधार गर्नुपर्ने हुन्छ ।